www.eraptipost.com

"राप्तीको गौरव"

# राप्ती पोष्ट

वर्ष १६, अंक ०८
असार १० बुधबार, २०८३
24, June, Wednesday, 2026
पृष्ठ ४ मूल्य रु. ५।-

Rapti Post National Daily

(राष्ट्रिय दैनिक)

**रेबिजबारे सचेत बनौं**

कुकुर तथा जंगली जनावरको टोकाईबाट रेबिज मानिसमा सर्न सक्छ।

**यसबाट बँच्नः**

- घरपालुवा जनावरलाई नियमितरूपमा रेविजविरूद्धको खोप लगाऔं,
- जनावरले टोकेमा तुरुन्तै साबुन पानीले कम्तीमा १५ मिनेटसम्म राम्रोसँग धोऔं र तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गरौं.
- स्वास्थ्यकर्मीको सल्लाहबमोजिम रेविजविरूद्धको खोप लगाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## लमहीले ल्यायो ९८ करोडको बजेट

●राप्तीपोष्ट समाचारदाता

लमही, ९ असार । दाङको एक मात्र नगरपालिकाका रुपमा रहेको लमही नगरपालिकाले आगामी आर्थिक बर्षका लागि ९८ करोड बढीको बजेट प्रस्तुत गरेको छ । मंगलबार आयोजित नगर सभामा नगर उप प्रमुख लक्ष्मी योगीले बजेट प्रस्तुत गर्नुभएको थियो । लमहीले आन्तरिक आय, संघीय र प्रदेश सरकारको अनुदानमा आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि सो बजेट प्रस्तुत गरेको हो । आगामी आर्थिक बर्षका लागि ९८ करोड १३ लाख ३७ हजार चार सय ५४ रुपैयाँको बजेट प्रस्तुत गरिएको छ ।




नगरपालिकाले आम्दानी तर्फ संघीय सरकारबाट प्राप्त हुने अनुदान तथा राजस्वलाई राखेको छ । जसमा संघीय सरकारबाट वित्तीय समानीकरण, सशर्त, समपूरक, विशेष अनुदान र राजस्व बाँडफाँडवापत सबैभन्दा ठूलो हिस्सा प्राप्त हुने अनुमान गरिएको छ । नगरपालिकाका अनुसार सशर्त अनुदान चालु तर्फ २३ करोड ३१ लख रुपैया, राजस्व बाँडफाँड संघीय तर्फ १६ करोड ७२ लाख १३ हजार रुपैया रहने बताइएको छ ।

यसैगरी वित्तीय समानीकरण अनुदानतर्फ १५ करोड ३५ लाख रुपैया, विशेष अनुदान तर्फ एक करोड ८० लाख रुपैया, सशर्त अनुदान पुँजीगत तर्फ ६३ लाख रुपैया र समपूरक अनुदान २६ लाख रुपैया हुने बताइएको छ ।

प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा राजस्व अन्तरगत सवारी साधन करबाट एक करोड ९६ लाख ८९ हजार रुपैया, सशर्त अनुदान तर्फ एक करोड ५१ लाख ५० हजार रुपैया, प्रदेश समपूरक अनुदान तर्फ एक करोड २० लाख रुपैया, वित्तीय समानीकरण अनुदान तर्फ एक करोड तीन लाख ५५ हजार रुपैया र विशेष अनुदान तर्फ २० लाख रुपैया हुने अनुमान गरिएको छ ।

नगरपालिकाले आन्तरिक, स्थानीय तथा अन्य स्रोत तर्फ १६ करोड चार लाख ९० हजार रुपैया परिचालन गर्ने भएको छ । जसमध्य आठ करोड ८४ लाख ६३ हजार २५ रुपैया आन्तरिक स्रोत तर्फको रकम खर्च गरिने भने भने बैंक मौज्दात आठ करोड रुपैया रहेको छ। यस्तै लमही अस्पतालको आम्दानी एक करोड २४ लाख ७७ हजार चार सय २९ रुपैया हुने अनुमान गरिएको छ ।

लमही नगरपालिकाको बजेट सार्वजनिक, पूर्वाधार, शिक्षा, स्वास्थ्य र सामाजिक विकासलाई प्राथमिकता दिएको बताएको छ । नगरपालिकाले आगामी आर्थिक वर्षका लागि विकास, सेवा प्रवाह र सामाजिक रूपान्तरणलाई केन्द्रमा राख्दै विस्तृत बजेट सार्वजनिक गरेको छ । नगरपालिकाले पूर्वाधार विकासदेखि सामाजिक सुरक्षा, शिक्षा, स्वास्थ्य, कृषि तथा सुशासनसम्मका क्षेत्रलाई समेटेर समग्र विकासमुखी बजेट विनियोजन गरेको हो ।

नगरपालिकाद्वारा सार्वजनिक गरिएको बजेट विवरणअनुसार पूर्वाधार विकासलाई सर्वाधिक प्राथमिकतामा राखिएको छ । यस शीर्षकमा मात्रै ३१ करोड ९० लाख ३३ हजार आठ सय ५८ विनियोजन गरिएको छ । सडक विस्तार, स्तरोन्नति, पक्की नाली, पुल तथा कल्भर्ट निर्माण, सिँचाइ तथा खानेपानीलगायतका विकास निर्माण कार्यलाई यस बजेटमार्फत तीव्रता दिइने नगरपालिकाले जनाएको छ ।

त्यसैगरी सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने र कर्मचारी तथा संस्थागत क्षमता अभिवृद्धि गर्ने उद्देश्यले सार्वजनिक सेवा तथा क्षमता विकासतर्फ रु. १८ करोड नौ लाख ३३ हजार एक सय ४२ विनियोजन गरिएको छ । नगरपालिकाले सेवा प्रवाहलाई आधुनिक, पारदर्शी र नागरिकमैत्री बनाउन विभिन्न सुधार कार्यक्रम सञ्चालन गर्ने जनाएको छ ।

सामाजिक विकास क्षेत्रलाई समेत विशेष प्राथमिकतामा राखिएको छ । शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता, बालबालिका तथा ज्येष्ठ नागरिक लक्षित कार्यक्रम समेटिएको यस क्षेत्रमा १२ करोड २७ लाख ९३ हजार विनियोजन गरिएको छ । यसबाट सामाजिक समावेशीकरण तथा मानव विकास सूचकाङ्क सुधारमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

आर्थिक विकासतर्फ कृषि, सहकारी, लघु उद्यम तथा रोजगार प्रवर्द्धनलाई समेट्दै पाँच करोड ९२ लाख ६७ हजार चार सय ५४ विनियोजन गरिएको छ । विपद् व्यवस्थापनलाई समेत प्राथमिकतामा राख्दै एक करोड एक लाख ६० हजार विनियोजन गरिएको छ । बाढी, पहिरो तथा अन्य प्राकृतिक विपद्को जोखिम न्यूनीकरण तथा राहत कार्यलाई प्रभावकारी बनाउन यो बजेट उपयोग गरिने जनाइएको छ ।

नगरपालिकाले कार्यालय सञ्चालन तथा प्रशासनिक व्यवस्थापनका लागि १६ करोड ५५ लाख विनियोजन गरेको छ। सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउन प्रशासनिक संरचना सुदृढीकरणमा जोड दिइएको छ । पूर्वाधार विकास शाखामार्फत सडक, नाली, पुल, कल्भर्ट, सिँचाइ तथा खानेपानीलगायतका विकास निर्माण कार्यका लागि थप १३ करोड ९२ लाख विनियोजन गरिएको छ ।

शिक्षा, युवा तथा खेलकुद क्षेत्रको विकासका लागि पाँच करोड ५० लाख छुट्याइएको छ । सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार, भौतिक पूर्वाधार विकास तथा प्रविधिमैत्री शिक्षाको विस्तार यस बजेटको प्रमुख लक्ष्य रहेको छ। चालु आर्थिक वर्षमा सम्पन्न भई भुक्तानी हुन बाँकी रहेका आयोजनाहरूका लागि चार करोड ५० लाख विनियोजन गरिएको छ। यसले निर्माण व्यवसायी तथा सेवा प्रदायकलाई भुक्तानी प्रक्रिया सहज बनाउने अपेक्षा गरिएको छ ।

संघ र प्रदेश सरकारसँगको समपूरक अनुदान कार्यक्रम सञ्चालन गर्न स्थानीय साझेदारी सुनिश्चित गर्न समपूरक कोषका लागि एक करोड ५० लाख विनियोजन गरिएको छ। त्यसैगरी चालु आर्थिक वर्षमा सञ्चालन भइरहेका क्रमागत आयोजनालाई निरन्तरता दिन दुई करोड ३० लाख विनियोजन गरिएको छ । विपद् व्यवस्थापन कोषका लागि रु. ७० लाख विनियोजन गरिएको छ। यसबाट आपतकालीन अवस्थामा तत्काल राहत तथा उद्धार कार्य सञ्चालन गरिने नगरपालिकाले जनाएको छ ।

कृषि क्षेत्रको आधुनिकीकरण तथा व्यवसायीकरणका लागि कृषि विकास शाखामा एक करोड विनियोजन गरिएको छ। आधुनिक कृषि प्रणाली, उत्पादन वृद्धि र बजार पहुँच विस्तार यस कार्यक्रमका मुख्य उद्देश्य हुन् । नगर प्रमुख र उपप्रमुखसँग नागरिकका गुनासा तथा समस्या प्रत्यक्ष रूपमा सम्बोधन गर्ने उद्देश्यले 'जनतासँग मेयर' कार्यक्रमका लागि एक करोड तथा 'जनतासँग उपमेयर' कार्यक्रमका लागि पनि एक करोड विनियोजन गरिएको छ ।

स्वास्थ्य सेवाको पहुँच विस्तारका लागि लमही अस्पताललाई एक करोड ५० लाख विनियोजन गरिएको छ । नगर स्वास्थ्य केन्द्रहरूको सेवा सुधार तथा खोप कार्यक्रम विस्तारका लागि स्वास्थ्य शाखामा ७७ लाख ५० हजार छुट्याइएको छ । पशु सेवा क्षेत्रका लागि ५७ लाख विनियोजन गरिएको छ । यसले कृषकहरूलाई पशुपालनमार्फत आयआर्जन बढाउन सहयोग पुर्‍याउने अपेक्षा गरिएको छ ।

महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकहरूको सामाजिक सुरक्षाका लागि रु. ५० लाख विनियोजन गरिएको छ । नगरपालिकाको संस्थागत विकास तथा कर्मचारी क्षमता अभिवृद्धिका लागि सार्वजनिक सेवा तथा क्षमता विकास शाखामा ४२ लाख विनियोजन गरिएको छ ।

सहकारी संस्थाहरूलाई उत्पादन, प्रशोधन, बजारीकरण तथा

➲ बाँकी अन्तिम पेजमा

## डिजिटल शिक्षा, युवा र जैविक कृषिमा जोड




●राप्तीपोष्ट समाचारदाता

दंगीशरण, ९ असार । दंगीशरण गाउँपालिकाको २१औं गाउँसभाको पहिलो बैठकले आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्तुत गरिएको वार्षिक नीति तथा कार्यक्रम सर्वसम्मत रूपमा पारित गरेको छ । गाउँपालिकाले शिक्षा, कृषि, युवा उद्यमशीलता तथा सेवा प्रवाहलाई प्राथमिकतामा राख्दै आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रम अघि सारेको हो ।

गाउँपालिका अध्यक्ष शम्भु गिरीले गाउँसभाको पहिलो बैठकमा प्रस्तुत गर्नुभएको वार्षिक नीति तथा कार्यक्रममाथिको छलफलपछि सभा सदस्यहरूको सर्वसम्मत समर्थनसहित नीति तथा कार्यक्रम पारित भएको हो ।

पारित नीति तथा कार्यक्रममा विद्यालयहरूको डिजिटल पूर्वाधार विकास, सूचना प्रविधिमैत्री शिक्षण प्रणालीको विस्तार तथा शिक्षण-सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउन आवश्यक बजेट व्यवस्थापन गर्ने उल्लेख गरिएको छ। गुणस्तरीय शिक्षाको पहुँच विस्तारसँगै विद्यालय शिक्षालाई आधुनिक प्रविधिसँग जोड्ने लक्ष्य गाउँपालिकाले लिएको छ ।

त्यसैगरी, वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूको सीप, अनुभव र पुँजीलाई उत्पादनमूलक क्षेत्रमा उपयोग गर्ने उद्देश्यले विशेष उद्यमशीलता कार्यक्रम सञ्चालन गरिने नीति लिइएको छ। युवाहरूलाई स्वरोजगार र उद्यम विकासतर्फ आकर्षित गरी स्थानीय स्तरमै रोजगारी सिर्जना गर्ने लक्ष्य नीति तथा कार्यक्रममा समेटिएको छ ।

कृषि क्षेत्रलाई पनि गाउँपालिकाले विशेष प्राथमिकतामा राखेको छ। पछिल्लो समय कृषि उत्पादनमा रासायनिक मल तथा विषादीको अत्यधिक प्रयोग बढ्दै गएको सन्दर्भमा त्यसलाई न्यूनीकरण गर्दै जैविक खेती प्रणालीलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिएको छ । जैविक मल तथा जैविक विषादीको उत्पादन र प्रयोगलाई बढावा दिने कार्यक्रम आगामी आर्थिक वर्षमा सञ्चालन गरिने गाउँपालिकाले जनाएको छ ।

गाउँपालिकाका प्रवक्ता रमेश भण्डारीको शुभकामना मन्तव्यबाट सुरु भएको गाउँसभाको पहिलो बैठकमा उपाध्यक्ष पिमा वली खड्काले न्यायिक समिति तथा राजस्व परामर्श समितिको प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । त्यसैगरी लेखा समितिका संयोजक रेशमबहादुर वलीले लेखा समितिको प्रगति प्रतिवेदन तथा आय-व्यय अनुमोदन सम्बन्धी प्रस्ताव सभासमक्ष पेश गर्नुभएको थियो ।

बैठकले गाउँपालिकाको लोगो तथा आधिकारिक चिन्ह, विभिन्न विषयगत समितिका प्रगति प्रतिवेदन तथा आर्थिक वर्ष २०८३/८४ को

➲ बाँकी तेस्रो पेजमा

## 'वन संरक्षणमा सहकार्य आवश्यक'

●राप्तीपोष्ट समाचारदाता

गढवा, ९ असार । दाङ देउखुरीको गढवामा वन संरक्षण, व्यवस्थापन तथा वनजन्य स्रोतहरूको दिगो उपयोगसम्बन्धी विषयमा सरोकारवाला निकायहरूसँग एकदिने अन्तरक्रिया तथा समन्वय गोष्ठी सम्पन्न भएको छ ।

डिभिजन वन कार्यालय दाङ (देउखुरी) को आयोजनामा सम्पन्न उक्त कार्यक्रम डिभिजनल वन अधिकृत गणेश बहादुर खड्काको अध्यक्षतामा भएको थियो भने गढवा गाउँपालिका अध्यक्ष यमनारायण शर्मा पोखेलले उद्घाटन गर्नुभएको थियो ।

कार्यक्रममा बोल्दै गढवा गाउँपालिका अध्यक्ष यमनारायण शर्मा पोखेलले वन वातावरण संरक्षणको आधार मात्र नभई मानव जीवन, कृषि उत्पादन, जलस्रोत संरक्षण तथा जैविक विविधताको महत्वपूर्ण सम्पत्ति भएको उल्लेख गर्नुभयो। उहाँले वन संरक्षण केवल सरकारी निकायको जिम्मेवारी मात्र नभई सम्पूर्ण नागरिकको साझा



दायित्व भएको स्पष्ट पार्नुभयो ।

उहाँले सामुदायिक वन उपभोक्ता समूह, स्थानीय तह तथा सरोकारवाला निकायबीच प्रभावकारी समन्वय आवश्यक रहेको उल्लेख गर्दै वन क्षेत्रको संरक्षणसँगै स्थानीय समुदायको आयआर्जन र जीविकोपार्जनमा समेत जोड दिनुपर्नेमा जोड दिनुभयो। वनजन्य स्रोतहरूको वैज्ञानिक र दिगो व्यवस्थापनमार्फत स्थानीय आर्थिक विकासमा टेवा पुग्ने विश्वास व्यक्त गर्दै उहाँले वन अतिक्रमण, वन डढेलो तथा अवैध कटानी नियन्त्रणका लागि सबै पक्ष एकजुट हुनुपर्ने धारणा राख्नुभयो ।

त्यसैगरी कार्यक्रमका अध्यक्ष तथा डिभिजन वन कार्यालय दाङ (देउखुरी) का डिभिजनल वन अधिकृत गणेश बहादुर खड्काले वन संरक्षण र व्यवस्थापनका क्षेत्रमा स्थानीय तह, सामुदायिक वन उपभोक्ता

➲ बाँकी अन्तिम पेजमा

## शर्माको स्मृतिमा श्रद्धाञ्जली सभा

●राप्तीपोष्ट समाचारदाता

घोराही, ९ असार । नेपाल महिला सामुदायिक सेवा केन्द्रका संस्थापक सदस्य एवं सामुदायिक बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष राधा कुमारी शर्माको स्मृतिमा श्रद्धाञ्जली कार्यक्रम गरिएको छ ।

सेवा केन्द्र र सहकारी संस्थाको संयुक्त आयोजनामा शर्माको निधन भएको तीन दिनको स्मृतिमा एक कार्यक्रम गरि श्रद्धाञ्जली सभा गरिएको हो । नेपाल महिला सामुदायिक सेवा केन्द्रका संस्थापक अध्यक्ष एवं सामुदायिक बचत तथा ऋण सहकारी संस्थाका संस्थापक अध्यक्ष बिमला योगीको अध्यक्षता एवं ब्रह्मकुमारी ईश्वरिय विश्वविद्यालयका अञ्जना दिदीको उपस्थितिमा भएको कार्यक्रममा बोल्ने वक्ताहरुले स्वर्गीय शर्माले संस्थागत विकासकालागि अतुलनिय योगदान पुर्‍याएको बताएका थिए ।

स्वर्गीय शर्मा सामाजिक क्षेत्रमा क्रियाशील एक उदाहरणीय व्यक्ती भएको भन्दै समाजमा अतुलनिय योगदान दिएकोमा उच्च प्रशंसा गर्दै समाजले सधैं सम्झीरहने बताएका थिए । कार्यक्रमको सञ्चालन सामुदायिक बचत तथा ऋण सहकारी संस्थाका कार्यकारी निर्देशक कल्पना न्यौपानेले गर्नुभएको थियो । कार्यक्रममा संस्थाका पदाधिकारी एवं सदस्यहरुको सहभागिता रहेको थियो । घोराही उपमहानगरपालिका वडा न. १७ हरिद्धार निवासी शर्माको असार ६ गते ६८ बर्षको उमेरमा निधन भएको हो ।

## शारदा नगरपालिकामा २० कृषक सम्मानित

●राप्तीपोष्ट समाचारदाता

सल्यान, ९ असार । शारदा नगरपालिकाले उत्पादनमा आधारित कृषक प्रोत्साहन कार्यक्रम अन्तर्गत नगरका २० जना उत्कृष्ट कृषकलाई नगद प्रोत्साहनसहित सम्मान गरेको छ ।

नगरपालिकाको कृषि विकास शाखाको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत सञ्चालन गरिएको उक्त कार्यक्रममार्फत तरकारी, फलफूल तथा मौरीपालन क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याएका कृषकहरूलाई सम्मान गरिएको हो । कृषि उत्पादन वृद्धि, व्यवसायीकरण तथा आत्मनिर्भर कृषि अभियानलाई थप सशक्त बनाउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको नगरपालिकाले जनाएको छ ।

कृषि विकास शाखाले संकलन गरेका प्रस्तावना तथा मूल्याङ्कनका आधारमा छनोट गरिएका प्रत्येक कृषकलाई जनही ९ हजार रुपैयाँ नगद प्रोत्साहन रकम र सम्मानपत्र प्रदान गरिएको थियो । नगरपालिकाका अनुसार उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमले कृषकहरूलाई थप उत्साहित बनाउनुका साथै कृषि पेशाप्रति आकर्षण बढाउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ ।

कार्यक्रममा बोल्दै नगर प्रमुख प्रकाश भण्डारीले कृषकहरू राष्ट्रको अर्थतन्त्रका आधारस्तम्भ भएको उल्लेख गर्दै कृषि क्षेत्रको विकासबिना समृद्धि सम्भव नरहेको बताउनुभयो । उहाँले कृषकहरूको मेहनत, लगनशीलता र उत्पादनमुखी कार्यको उच्च मूल्याङ्कन गर्दै नगरपालिकाले कृषि उत्पादन वृद्धि, व्यवसायीकरण तथा आयआर्जन अभिवृद्धिका लागि आगामी दिनमा पनि विभिन्न कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

उहाँले कृषकहरूलाई सम्मान गर्नु भनेको कृषि पेशाको सम्मान गर्नु भएको उल्लेख गर्दै उत्पादन वृद्धि र स्थानीय अर्थतन्त्र सुदृढीकरणमा कृषकहरूको भूमिका महत्वपूर्ण रहेको बताउनुभयो । नगरपालिकाले कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर किसानमैत्री नीति तथा कार्यक्रम कार्यान्वयन गर्दै आएको समेत उहाँले बताउनुभयो ।

कार्यक्रममा नगर उपप्रमुख सुस्मिता सापकोटा, नगर प्रवक्ता राजेश कुमार शर्मा, कृषि विकास शाखा प्रमुख कबिराज ज्ञवाली लगायत जनप्रतिनिधि, कर्मचारी तथा कृषकहरूको सहभागिता रहेको थियो । सहभागीहरूले कृषि उत्पादनमा योगदान पुर्‍याउने कृषकहरूको सम्मानले अन्य कृषकहरूलाई पनि थप प्रेरणा मिल्ने विश्वास व्यक्त गरेका थिए ।

कार्यक्रममा सम्मानित कृषकहरूले नगरपालिकाले गरेको सम्मानले आफूहरूलाई थप उत्साह र जिम्मेवारी बोध गराएको प्रतिक्रिया दिएका थिए। उनीहरूले कृषि क्षेत्रमा देखिएका विभिन्न चुनौती समाधानका लागि स्थानीय तहबाट यस्ता प्रोत्साहनमूलक कार्यक्रमलाई निरन्तरता दिन आग्रह समेत गरेका छन् ।

शारदा नगरपालिकाले पछिल्ला वर्षहरूमा कृषि उत्पादन वृद्धि, आधुनिक खेती प्रणालीको विस्तार, व्यवसायिक कृषिमा प्रोत्साहन तथा कृषकहरूको आयस्तर उकास्ने उद्देश्यले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । उत्पादनमा आधारित कृषक प्रोत्साहन कार्यक्रम पनि सोही अभियानको एक महत्वपूर्ण हिस्सा रहेको नगरपालिकाले जनाएको छ ।

**घुम्न जाऔं धारापानी कार्यक्रममा उपस्थितिको लागि हार्दिक अनुरोध !**

धार्मिक, पुरातात्विक र प्राकृतिक दृष्टिले महत्वपूर्ण तथा विश्वको अग्लो त्रिशूल रहेको मन्दिरको रुपमा प्रसिद्ध घोराही उपमहानगरपालिका वडा नं. ५ धारापानी स्थित पाण्डवेश्वर महादेव मन्दिरमा लुम्बिनी प्रदेश सरकार, उद्योग पर्यटन तथा यातायात मन्त्रालय, पर्यटन विकास परिषद्, बुटवलको आयोजना र स्थानीय संघ संस्थाहरुसँगको सहकार्यमा मिति २०८३ असार १३ गते शनिवार सम्पन्न गरिने घुम्न जाऔं धारापानी कार्यक्रममा सबैलाई उपस्थितिको लागि अनुरोध गर्दछौं !

**सञ्चालन गरिने कार्यक्रमहरुः**

१. परम्परागत सांस्कृतिक झाँकी तथा नाच प्रदर्शन ।
२. मा.वि. स्तरीय लोकनृत्य प्रदर्शन ।
३. स्थानीय उत्पादन प्रदर्शन, र
४. रैथाने परिकार उत्सव

*कार्यक्रममा सहभागी बनौं, आन्तरिक पर्यटन प्रवर्द्धन गरौं !*

**आयोजक**
लुम्बिनी प्रदेश सरकार
उद्योग पर्यटन तथा यातायात मन्त्रालय
पर्यटन विकास परिषद्, बुटवल

# राप्ती पोष्ट

-राष्ट्रिय दैनिक-

## राप्ती पोष्ट दैनिकका लागि

**प्रकाशक/सम्पादक :** शरद अधिकारी (९८५७८३०२९९)

**कार्यकारी सम्पादक :** भुवन देवकोटा

**व्यवस्थापक:** जीवन अधिकारी

**प्रवन्धक :** विनु दहाल

**कानुनी सल्लाहकार :** तुफानबाबु श्रेष्ठ

**कार्यालय**

शिक्षाशाखा रोड घोराही १५, दाङ **फोन नं. : ०८२-५६३४५६**

Email :

raptipost2066@gmail.com,Sharadreetu@gmail.com

तुलसीपुर शाखा सम्पर्क : ९८२९५४०६०९

लमही शाखा सम्पर्क : श्रवण बस्नेत ९८४७८४०३२०,

सल्यान सम्पर्क: ९८४७८४४२५०,

रुकुम सम्पर्क: ९८४४९०३३६२,

प्यूठान सम्पर्क : ९८४७८७७३३३,

रोल्पा सम्पर्क : ९७४८५२६६२५,

भालुवाङ सम्पर्क: ९८४९१४३४६९,

पुरन्धारा सम्पर्क ९८४७८३०७२७

नेपालगञ्ज सम्पर्क : ९८४८२७५०७५,

**मुद्रक : न्यू सूचना अफसेट प्रेस,** घोराही दाङ


सम्पादकीय

# कामको परिणाम

जस्तो काम गरिन्छ। परिणाम पनि त्यस्तै आउँछ। गलत काम गरियो भने त्यसको परिणाम गलत आउँछ। राम्रो काम गरियो भने त्यसको परिणाम राम्रो आउँछ। राम्रो काम गरियो वा गरिएन भन्ने कुराका लागि परिणाम हेर्नुपर्छ। गर्नेले त राम्रो काम गरेको छु भन्न सक्छ। परिणाम हेर्दा राम्रो वा नराम्रो थाहा हुन्छ। एउटा विद्यार्थीले मेहनत गरेर पढेको छ कि छैन भन्ने कुराको परिणाम भनेको उसको नतिजा हो। राम्रोसंग पढेको भए राम्रो नतिजा आउँछ। राम्रोसंग नपढेको भए नराम्रो नतिजा आउँछ। यस्तोमा परीक्षा प्रणालीलाई दोष लगाएर उम्कन मिल्दैन। सरकारले राम्रो काम गरिहेको छ भनेर दावी गर्ने हो भने त्यसबाट बहुसंख्यक नागरिक खुसी हुनुपर्छ। यसरी राम्रो कामको परीणाम राम्रो र नराम्रो कामको परिणाम नराम्रो हुन्छ। मानव जीवन र जगतको सञ्चालन प्रक्रियामा कर्म र त्यसको परिणामबीच एक अविभाज्य सम्बन्ध रहेको हुन्छ। संसारमा हामी जे-जस्तो कार्यमा संलग्न हुन्छौँ, त्यसको अन्तिम स्वरूप वा प्रभाव नै परिणामका रूपमा प्रकट हुने गर्दछ। वास्तवमा कामको प्रकृतिले नै त्यसको भविष्य निर्धारण गर्ने गर्दछ; अर्थात् गलत कार्यको जगमा कहिल्यै पनि सुखद परिणामको महल ठडिन सक्दैन। कर्मको सिद्धान्तले स्पष्ट भन्छ कि बीउ जस्तो रोपिन्छ, फल पनि त्यस्तै प्राप्त हुन्छ। अक्सर काम गर्ने व्यक्ति वा निकायले आफूले गरिरहेको कार्यलाई न्यायोचित र उत्कृष्ट भएको दाबी गर्न सक्छन्, तर त्यो दाबीको सत्यतालाई जाँच्ने एकमात्र विश्वसनीय आधार भनेको त्यसबाट प्राप्त हुने परिणाम नै हो। कर्मको शुद्धता र कार्यकुशलताको परीक्षण कुनै शब्द वा तर्कले नभई ठोस नतिजाले मात्र गर्न सक्छ। तसर्थ, कार्यको गहनता बुझ्नका लागि प्रक्रिया मात्र हेरेर पुग्दैन, त्यसले समाज वा व्यक्तिको जीवनमा कस्तो प्रभाव पार्यो भन्ने कुरालाई मुख्य कसी बनाइनुपर्दछ।

यस सन्दर्भलाई एउटा विद्यार्थीको शैक्षिक जीवनसँग जोडेर हेर्दा अझ प्रस्ट हुन्छ। कुनै विद्यार्थीले वर्षभरि कति मेहनत गर्यो वा कति समय अध्ययनमा बितायो भन्ने कुराको वास्तविक प्रतिविम्ब उसको परीक्षाको नतिजाले देखाउँछ। यदि अध्ययनको विधि सही थियो र मेहनत इमानदार थियो भने नतिजा स्वभावतः उत्साहजनक आउँछ। तर, यदि मेहनतमा खोट थियो वा अध्ययनको बाटो गलत थियो भने नतिजा पनि कमजोर नै रहने निश्चित छ। यस्तो अवस्थामा आफ्नो कमजोरीलाई स्वीकार गर्नुको साटो परीक्षा प्रणाली, प्रश्नपत्र वा मूल्याङ्कनको विधिमाथि प्रश्न उठाएर पन्छिन खोज्नु नैतिक रूपमा गलत मात्र होइन, बरु आत्मवञ्चना पनि हो। परिणामले व्यक्तिको क्षमता र इमानदारिताको स्पष्ट चित्रण गरिसकेपछि त्यसलाई अरूको थाप्लोमा थोपरेर उम्कन मिल्दैन। यो तथ्यले के पुष्टि गर्दछ भने कुनै पनि क्षेत्रमा सफल हुनका लागि परिणाममुखी कार्यशैली र सत्यप्रतिको निष्ठा अनिवार्य सर्त हो। कामको परिणामका आधारमा नै सवैको मुल्यांकन हुन्छ। एउटा विद्यार्थीले कति मेहनत गऱ्यो भन्ने कुरा नतिजाबाट थाहा हुन्छ। एउटा शिक्षकले कति पढायो भन्ने कुरा विद्यार्थीहरले जाने भन्ने थाहा हुन्छ। एउटा डाक्टरले राम्रो उपचार गरेको कुरा विरामी निको भएपछि थाहा हुन्छ। एउटा नेताले राम्रो काम गरेको भन्नका लागि उसले समाजको विकासका लागि योगदान गरेको हुनुपर्छ। जनताका गुनासा सुनेको हुनुपर्छ। जनताका गुनासा समाधान गरेको हुनुपर्छ।

कामको परीणाम खोज्दै जाँदा हामी अरुसंग होइन सवैभन्दा बढी अपेक्षा सरकारसंग गर्दछौं। सरकारले आफूलाई सफल र जनपक्षीय दाबी गर्नका लागि केवल योजनाका चाङ र तथ्याङ्कको भारी देखाएर मात्र पुग्दैन। सरकारको काम साँच्चै राम्रो र प्रभावकारी छ भने त्यसको प्रत्यक्ष महसुस नागरिकको जीवनस्तरमा हुनुपर्दछ। यदि बहुसंख्यक नागरिकहरू राज्यको सेवा, सुशासन र विकासको अवस्थाबाट खुसी र सन्तुष्ट छन् भने मात्र सरकारको कामको परिणामलाई सकारात्मक मान्न सकिन्छ। अन्यथा, जनतामा असन्तोष बढ्नु र आधारभूत आवश्यकताका लागि पनि संघर्ष गरिरहनु पर्ने अवस्थाले सरकारी दावीलाई खण्डन गरिरहेको हुन्छ। राम्रो कामको परिणामले समाजमा उत्साह र न्यायको सञ्चार गर्छ भने नराम्रो कामको परिणामले निराशा र थप जटिलता निम्त्याउँछ। त्यसैले, व्यक्तिगत जीवन होस् वा सार्वजनिक पदधारण गरेको निकाय, सबैले आफ्ना कामहरूलाई केवल औपचारिकतामा सीमित नगरी परिणाममुखी बनाउनु आजको मुख्य आवश्यकता हो। नतिजा नै कर्मको वास्तविक ऐना हो, जसमा सत्य कहिल्यै लुक्न सक्दैन। कामको परिणाम भनेको कागजमा प्रगति देखाएर गरिदैन। यो व्यवहारमा देखिनुपर्छ। कतिपय कुराहरु सिद्धान्तमा राम्रा सुनिन्छन। सिद्धान्तमा राम्रो सुनिएपनि व्यवहारमा राम्रो भएन भने सिद्धान्तलाई मात्रै बहादुर वा क्यावात भन्न सकिदैन। यसर्थ कामको परिणाम निकाल्ने बारेमा नै सवैले सोच्नुपर्छ।

# रास्वपा महाधिवेशन र सम्बोधनका चुनौती

**'मिसिनु' र 'घोलिनु'बिचको फरक नबुझ्दाको परिणाम विगतमा पूर्वप्रधानमन्त्री केपी ओली र प्रचण्डले भोगिसकेका छन्। 'गल्फ अफ अलास्का'मा दुई फरक समुद्रको पानी भेट त हुन्छ तर घनत्व र तापक्रम नमिल्दा ती आपसमा घोलिँदैनन्, सिमाना प्रस्ट देखिन्छ। राजनीतिमा पनि पृष्ठभूमि, कार्यशैली र स्वत्व फरक भएका दुई धारहरु शक्ति र स्वार्थका लागि सँगै त आउलान् तर ती भावनात्मक रुपमा कहिल्यै एक हुन सक्दैनन्। महाधिवेशन हलबाट बाहिर निस्कँदै गर्दा रास्वपा र यसको नेतृत्वसँगै प्रस्तुत हुने मुख्य प्रश्न हो- पार्टी गडगडाउँदो खहरेको क्षणिक भेल बन्ने कि अविरल बग्ने हिमनदी?**



✍ नरेन्द्रजंग पिटर

सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को महाधिवेशन अहिले चितवनमा चलिरहेको छ। यो महाधिवेशन पार्टीलाई नयाँ दिशा दिने वैचारिक थलो बन्ला कि एउटा औपचारिक कर्मकाण्डमा मात्रै सीमित होला ? यसै भन्न सकिने अवस्था छैन। रास्वपाले आफ्नो आन्तरिक लोकतन्त्रको अभ्यास कसरी गर्छ भनेर देश र दुनियाले निकै चासोका साथ नियालिरहेका छन्। हिजोका दिनमा तीव्र प्रश्नकर्ताको रूपमा उदाएको रास्वपा आज आफैं उत्तरदाताको भूमिकामा छ र उसमाथि आफ्ना नेता-कार्यकर्ता मात्रै होइन, समग्र देशकै महत्वाकांक्षा व्यवस्थापन गर्ने ठुलो दायित्व आइलागेको छ किनभने भूमिकासँगै राजनीतिक चरित्र पनि फेरिने गर्छ।

इतिहासमा राजा महेन्द्रपछि पहिलोपटक अहिलेको राजनीतिक सत्तालाई भद्रकालीको समेत पूर्ण समर्थन रहेको छ। दोस्रो जेनजी सरकारका रूपमा प्रधानमन्त्री बालेन शाह नेतृत्वको रास्वपाको सत्ता यात्राअगाडि बढिरहँदाको पृष्ठभूमिमा चालु महाधिवेशन र पार्टीका मुख्य चुनौतीहरूलाई निम्नानुसार विश्लेषण गर्न सकिन्छ:

**प्रतिक्रियाबाट परिणामको चुनौती**

महाधिवेशन हलबाट बाहिरिँदै गर्दा रास्वपासँग अनेकौं प्रश्न र जिज्ञासाका उत्तर हुन आवश्यक छ। विपक्षी वा सडकमा रहँदा सरकारका गल्ती औंल्याउनु र जनताका असन्तुष्टिलाई आवाज दिनु सजिलो हुन्छ। रास्वपाको उदयको जग नै परम्परागत दलहरूप्रतिको उत्तेजित आक्रोश र प्रतिक्रियाको आवेगमा अडिएको थियो। तर, सत्ताको बागडोर सम्हालेपछि प्रतिक्रियाले मात्र पुग्दैन, परिणाम दिनुपर्ने हुन्छ।

अब ऊ प्रश्नहरूबाट टाढिन सक्दैन। पार्टीले जनतामा जगाएको तीव्र विकास र सुशासनको उच्च आकांक्षालाई व्यवस्थापन गर्नु निकै कष्टसाध्य काम हो। सडक र मिडियाको आवेगलाई परिपक्व नीति र संस्थागत परिणाममा बदल्न सकिएन भने हिजो जुन आवेगले लोकप्रियता दिलाएको थियो, भोलि त्यही आवेग प्रत्युत्पादक बन्न सक्छ।

**नियन्त्रित लोकतन्त्र र इतिहासको शिक्षा**

संसदीय गणित मात्रै सत्ता टिकाइराख्ने पर्याप्त आधार होइन भन्ने कुरा विगतमा सडक र जनआक्रोशले अपदस्थ गरेका कांग्रेस-एमालेका संयुक्त सरकारहरू ज्वलन्त उदाहरण हुन्। महाधिवेशन कब्जा गर्ने, कारबाहीको डन्डा चलाउने, बदला र अहंकारको राजनीति गर्ने गगन थापा र केपी ओलीप्रवृत्ति रास्वपाका लागि इतिहासको ठुलो शिक्षा बन्न सक्छ। इतिहासले सधैं शिक्षा दिन्छ तर शिक्षा लिन नचाहनेलाई दण्डित पनि गर्छ।

अहिले रास्वपाभित्र सबैभन्दा नियन्त्रित लोकतन्त्रको अभ्यास भइरहेको देखिन्छ। नेताहरू मात्र होइन, सांसदहरूसमेत स्वतन्त्र मिडियामा आफ्ना कुरा राख्न हिचकिचाउँछन्। 'सेल्फसेन्सरसिप'का कारण विरोधीको उछित्तो खन्न त स्वतन्त्र छन् तर आफ्नै मनका कुरा र विमतिहरू बोल्न भने नियन्त्रित देखिन्छन्। कतै यो भयको राजनीतिको अभ्यास थलो महाधिवेशन हल नै बन्ने त होइन ?

**वैचारिक खडेरी र भिड मनोविज्ञान**

भावना, आवेग र प्रतिक्रियाको राजनीतिमा 'विचार नहुनु'लाई नै एकथरीले विचार मानिदिन्छन्। रास्वपामा स्पष्ट वैचारिक दिशाको अभाव खट्किँदै जाँदा चालु महाधिवेशनमा पनि गहन वैचारिक बहस हुने सम्भावना कमै देखिन्छ। बरु, लोकप्रियतावादको भाष्य कसरी टिकाउने ? डिजिटल कन्टेन्ट क्रिएसन कसरी गर्ने ? र पुराना पार्टीका गल्ती-कमजोरीका केही अंशलाई समातेर समग्र व्यवस्थामाथि कसरी आक्रमण गर्ने ? भन्ने विषयमै बहस केन्द्रित हुनेछ। निषेधको राजनीतिको कलामय अभ्यासमा जुक्ति र बुद्धि खर्चिइँदा, कतै शक्ति प्रदर्शनको भिड मनोविज्ञानले नै महाधिवेशनलाई ओझेलमा पार्ने त होइन?

**ठुला सपनाको दबाब, भूराजनीति र बाह्य प्रभाव**

पपुलिज्मको जगमा उदाएका दलले जनतामा छिटो नतिजा दिने र सुन्दा असम्भवजस्ता लाग्ने सपना बाँडेका हुन्छन् तर नेपाल जस्तो भूराजनीतिक रूपमा संवेदनशील र भूपरिवेष्ठित देशमा आन्तरिक इच्छाशक्तिले मात्र अन्तर्राष्ट्रिय दायित्व र राष्ट्रिय समस्याहरू हल हुन सक्दैनन्।

सत्ताबाहिर रहँदा राष्ट्रवादको चर्को नारा लगाउन सजिलो भए पनि सत्तामा पुगेपछि शक्ति राष्ट्रहरूसँग सन्तुलन मिलाउनुपर्ने बाध्यता हुन्छ। यस्तो अवस्थामा यदि पार्टीको उदयमा कुनै अदृश्य बाह्य शक्तिको टेको रहेको आशंका सत्य साबित भएमा, देशको हित र बाह्य स्वार्थबिचको टक्करले पार्टी आफैं चक्रव्यूहमा फस्न सक्छ। प्रधानमन्त्रीले संसद्मा बोलेका कतिपय अभिव्यक्तिहरूले राष्ट्रिय शक्तिहरू र भद्रकालीलाई समेत दबाब र अचम्ममा पारेको देखिन्छ।

**नयाँपनको अभावः बदलाको राजनीति र सत्ताको केन्द्रीकरण**

नयाँ शक्तिबाट जनताले राजनीतिक शैली, संस्कार र निर्णय प्रक्रियामा क्रमभंगताको अपेक्षा गरेका थिए तर सुरुवाती चरणमै रास्वपा पनि पुराना दलहरूजस्तै प्रतिशोध, कर्मचारीतन्त्रमा आफ्ना मान्छे भर्ती गर्ने र शक्तिकेन्द्रित गर्ने खेलमा लागेको देखियो। यसले गर्दा कर्मचारीतन्त्रमा चाकरी र बौद्धिक वर्गमा शासक अनुकूल तर्क उत्पादन गर्ने 'बुद्धि सुकेको' अभ्यास तीव्र रूपमा बढ्दै जानेछ यो नयाँ खाले पजनी संस्कृति हो।

नीति तथा कार्यक्रम कर्मचारीतन्त्र हुँदै राज्यमा डेलिभरी हुने हुँदा हरेक सत्ताले स्वामीभक्ति खोज्छ। 'हाम्रो मान्छे मात्रै राम्रो' भन्ने पुरानै सत्ता चरित्र दोहोरिँदा यसले संस्थागत सुधार होइन, व्यक्तिवादी अहंकारलाई प्रश्रय दिन्छ।

**'हेडलाइन भर्सेज कन्टेन्ट' र डिजिटल गलबन्दी**

कवीरको प्रसिद्ध दोहा छ- निंदक नियरे राखिये, आँगन कुटी छवाय। बिन पानी साबुन बिना, निर्मल करे सुभाय। सत्ताको मदोन्मत्त मनोविज्ञान अरूबाट सिक्न चाहँदैन। सधैं हेडलाइनमा छाइरहने दबाबले गर्दा उनीहरू गम्भीर वैचारिक विमर्श र दूरगामी भाष्य निर्माणमा चुकेका छन्।

हिजो विपक्षी वा सञ्चारकर्मी हुँदा नेताहरूले व्यक्त गरेका आक्रामक र आदर्शवादी कुरा अहिले 'डिजिटल फुटप्रिन्ट'मा सुरक्षित छन्। सत्तामा पुगेपछि ती पुराना अभिव्यक्ति र वर्तमानको सत्तावादी कार्यशैलीबिचको विरोधाभास उनीहरूका लागि गलीपासो बनिरहेको छ। रास्वपाले पनि विज्ञापन नियन्त्रण गर्ने वा निर्भीक मिडियाकर्मीहरूलाई 'आत्म-सेन्सरसिप' गराउने जुन अप्रत्यक्ष नीति लिएको देखिन्छ, त्यो उसको दीर्घकालीन हितमा हुने छैन।

**दोहोरो न्यायिक मानक र सुशासनको विचलन**

विधिको शासनको वकालत गर्ने पार्टीका लागि 'दोहोरो न्यायिक मानक' सबैभन्दा ठुलो आत्मघाती कदम बन्छ। अरू दलका नेतामाथि आरोप लाग्दा 'तत्काल जेल हाल्नुपर्ने' माग गर्ने तर आफ्नै शीर्ष नेतामाथि गम्भीर प्रश्न उठ्दा राज्यशक्तिको दुरुपयोग गरेर बचाउ गर्नु नांगो दोहोरो मापदण्ड हो।

विगतका सरकारहरूले जस्तै कानुनलाई आफ्नो अनुकूल व्याख्या गर्ने र न्यायलाई प्रभावित पार्ने प्रवृत्तिले रास्वपा पनि अन्ततः 'मिसन सुशासन'बाट 'मिसन सत्ता संरक्षण'मा लागेको पुष्टि गर्छ। आफूअनुकूल आयोग बनाउनु र हितअनुकूलको निष्कर्ष निकाल्न खोज्नुले राज्यसत्ताप्रतिको अविश्वास मात्र बढाउँछ। हिजोका सरकारले विभिन्न आयोगका प्रतिवेदन (भुटानी शरणार्थी, ललिता निवास, गिरी बन्धु टी स्टेट र विशेष गरी सहकारी प्रकरण) कार्यान्वयनमा जुन चरित्र देखाए, त्यसको परिणाम आज उनीहरूले भोग्दै छन्। रास्वपाले सहकारी प्रकरणमा देखाएको दोहोरो मापदण्डले उसको नैतिक धरातल खियाएको छ।

**नेतृत्वको शैली**

सामाजिक सञ्जालबाट शासन र संवादकलाको संकटपूर्ण नेतृत्वको कार्यशैलीले सिंगो पार्टी र सरकारको कामकारबाहीलाई प्रत्यक्ष असर पार्छ। प्रधानमन्त्री बालेन शाह डिजिटल प्लेटफर्म र

➲ बाँकी तेस्रो पेजमा

# नपरोस् मानवताको खडेरी

✍ गायत्री लम्साल

समाज हामी सबैको समष्टि हो। मानव र समाजको एक आपसमा नजिक र एकीकृत सम्बन्ध रहन्छ। एकातिर आफ्नो समाजलाई हामीले नै निर्धारण गरिरहेका हुन्छौं भने अर्कोतिर समाज जस्तो छ हामीहरू समेत उस्तै हुन्छौं। समाज, असल, राम्रो, सभ्य छ भने त्यो समाजलाई विकसित समाजका रूपमा लिन सकिन्छ। विकसित समाजमा बस्ने नागरिकसमेत असल र मानवीय मूल्यमान्यताका आचरण भएका पाइन्छ। मानव समाजको प्रमुख आधार भनेको मानवता हो। सदाचार, नैतिकता, सहानुभूति, करुणा, सहयोग र आपसी सम्मान जस्ता मानवीय मूल्यले समाजलाई सभ्य, सन्तुलित र समृद्ध बनाउँछ।

आजको युगमा हामीले देखिरहेको, भोगिरहेको र निर्माण गरिरहेको समाजमा यिनै मूल्य क्रमशः हराउँदै गएका छन्। बाहिरबाट हेर्दा समाज आधुनिक, विकसित र शिक्षित जस्तो देखिए पनि भित्रभित्रै ढोंग, स्वार्थ, ईर्ष्या, डाह, अपराध र बनावटीपनले जरा गाड्दै गएको छ। हरेक दिन असल छ भनेर मुखले, बोलीले, छाँट पार्ने तर लुकिछिपी आपराधिक क्रियाकलापमा संलग्न हुने अराजकता बढेको छ। आफू जस्तो छ उस्तै बन्न नचाहेर छाँट पारेरैसमेत बढी हाइफाई देखिने लहड चलेको छ। यसरी ढोंगी समाजमा मानवताको खडेरी बढ्दै जानु गम्भीर समस्या बनेको छ।

हामीहरू आफ्नो वास्तविक चरित्रभन्दा फरक छवि देखाउन बढी व्यस्त भएका छौं। सामाजिक सञ्जाल देखावटी व्यवहार र आडम्बरले मानिसलाई आफ्नो वास्तविकता लुकाउन प्रेरित गरिरहेको छ। मनमा कुण्ठाको आगो बालेर धेरैले सहयोग, दया र सहानुभूति देखाएको अभिनय गर्दछौं। व्यक्तिको वास्तविक जीवनमा मेल नखाने ठिक त्यसको उल्टो व्यवहार देखाएर आफूलाई आदर्श बनाउने होडमा दौडिरहेका छौं। कसैले विपत् परेका व्यक्तिलाई सहयोग गरेको फोटो खिचेर प्रचार गर्छ तर त्यो सहयोग साँचो मनबाट नभई प्रसिद्धि कमाउनका लागि हुन्छ। यस्तो प्रवृत्तिले समाजमा मानवताको सट्टा ढोंगलाई बढावा दिन्छ।

ढोंगी समाजको अर्को विशेषता भनेको स्वार्थपरता हो। आजका मानिस जति बेला पनि आफ्नै फाइदाका लागि मात्र सोच्ने प्रवृत्तिमा बढी केन्द्रित भएका छन्। यसले गर्दा बलात्कार गरेर हत्या गर्ने, चोरी गर्नका लागि हत्या गर्नेलगायत अन्य विविध प्रकृतिका आपराधिक क्रियाकलाप बढेका छन्। अरूको दुःख, पीडा र समस्याप्रति संवेदनशीलता कम हुँदै गएको छ। कसैलाई अप्ठ्यारोमा परेको देख्दा उसलाई तत्काल सहयोग गर्नुको सट्टा भिडियो खिच्ने प्रवृत्ति बढेको छ। आफ्नो स्वार्थभन्दामाथि उठ्न सकेका छैनौं।

केही वर्ष पहिलासम्म छिमेकीबिच आत्मीयता, सहयोग र विश्वासको मिठो सम्बन्ध हुन्थ्यो तर अहिले ती सम्बन्ध कमजोर हुँदै गएका छन्। मानिस एउटै समाजमा बस्दा पनि एक अर्काबाट टाढा हुँदै गएका छन्। एक परिवारका सदस्यबिचसमेत सुखदुःखका कुरा आदानप्रदान हुन छाडेको देखिन्छ। पारिवारिक झै झगडा, मनमुटाव, तिक्तता, रिक्तता बढ्दै गएको छ। यसले मानवताको खडेरीलाई अझ गहिरो बनाएको छ। अचम्मका छन् हाम्रा प्रवृत्ति। आफू फेल भएको भन्दा बढी चिन्ता अरू पास भएकोमा लाग्छ। परिश्रम गर्नेको प्रगति देखियो भने खुट्टा तान्न मन लाग्छ एकातिर भने अर्कोतिर काम नै नगरिकन छोटो समयमा धेरै धन कमाउनेलाई सामाजिक रूपमा उच्च प्रकारको मानसम्मान दिएर उनीहरूसँगै चाकडी र चाप्लुसीमा रमाउनेको सङ्ख्या बढ्दो छ।

दक्ष, उच्च नैतिक आचरणको, सिपयुक्त, क्षमतावान् व्यक्तिलाई कसैले वास्ता गर्दैनौं भन्नुको मतलब जो सच्चा इमानदार छ उसले कसैबाट सहयोग प्राप्त गर्दैन। जताततै ठक्कर र दुःख मात्र पाउँछ। श्रमको, इमानदारको र असल आचरणको कदर हामीले गर्न जानेनौं। चोरेरै भए पनि प्रशस्त धन हुने व्यक्तिलाई सबै रूपमा असल देख्छ हाम्रो समाजको विवेकले एकातिर भने अर्कोतिर केही दिन पहिला भएका घटना डालोमा बेच्न हिँडेको काफल सडकमा पोखिदिने, खानेकुरा राखेर बेच्ने टेम्पोलाई भिरबाट गुल्ट्याइदिने जस्ता व्यवहार देख्दा लाग्छ हो, साँच्चै हामीभित्र मानवता पटक्कै छैन।

सबैमा नैतिक शिक्षाको अभाव देखिन्छ। शिक्षित हुनु भनेको केवल किताबको ज्ञान हासिल गर्नु मात्र होइन, नैतिकता, संस्कार र मानवीय गुणलाई आत्मसात् गर्नु पनि हो। आफूभित्र बुद्धि र विवेकको बत्ती बल्नु हो। दया, माया र करुणाले आफ्ना काम, कुरा र व्यवहारमा सिञ्चित गर्नु हो। सबै मानवीय मूल्यको पालना गर्नु हो। आफ्नो काम, कर्तव्य, अधिकार र दायित्वलाई कुशलतापूर्वक निर्वाह गर्नु हो। आजको शिक्षाले मानिसलाई प्राविधिक रूपमा सक्षम बनाए पनि मानवीय रूपमा कमजोर बनाइरहेको छ। परिणाम स्वरूप मानिसमा सहानुभूति, करुणा र जिम्मेवारीको भावना घट्दै गएको छ। कर्तव्य र दायित्व बिर्सेर एकोहोरो अधिकारको नारा लगाएको छ। आफ्ना इन्द्रीयहरूलाई निष्क्रिय बनाएर स्वार्थको द्वन्द्वमा रमाएको छ। परिश्रम गर्नेहरूलाई हेला गर्ने, श्रम र श्रमिकको अस्तित्वलाई सहज रूपमा स्विकार्दा आफू सानो भइन्छ भन्ने हीनताबोधको भावना बोकेको छ। जुन असल समाज निर्माणका लागि घातक छ। यसले मानवीय मूल्य र मान्यतालाई तहसनहस पार्दै लैजान्छ।

समाजमा मानवता हराउँदै जानुको अर्को कारण अस्वस्थ प्रतिस्पर्धा र भौतिकवाद हो। छोटो समयमा परिश्रम नगरी धन, प्रतिष्ठा र शक्ति प्राप्त गर्ने होडमा मानिसले मानवीय मूल्य बिर्सिरहेका छन्। अरूलाई पछारेर, अरूका खुट्टा तानेर भए पनि आफू मात्र अगाडि बढ्ने सोचले सहयोग र सहकार्यको भावना कमजोर बनाएको छ। मानिसबिचको सम्बन्ध स्वार्थमा आधारित हुँदै गएको छ। आफ्नो खुसीका लागि, आफ्नो स्वार्थका लागि कुन व्यक्तिले कतिबेला नराम्रो घटना घटाउँछ भन्ने त्रास छ, जसले समाजलाई असन्तुलित बनाइरहेको छ।

सभ्य समाज निर्माण गर्ने अभिभारा हाम्रो हो। समाजमा रहने हरेक नागरिकको हो। दृढ इच्छाशक्ति चाहिन्छ सबै कुरा सम्भव हुन्छ। प्रत्येक व्यक्तिले आफ्नो व्यवहारमा सच्चाइ, इमानदारी र मानवता अपनाउन थाल्यो भने समाजमा सकारात्मक परिवर्तन ल्याउन सकिन्छ। परिवर्तनका लागि एकै पटक ठुला-ठुला काम गर्नु जरुरी छैन। यसका लागि त साना साना काम जस्तै अरूका दुःखमा साथ दिनु, निःस्वार्थ सहयोग गर्नु, सत्य बोल्नु र सम्मानजनक व्यवहार गर्नुले समेत ठुलो प्रभाव पार्न सक्छ। हरेक परिवार, विद्यालय र समाजले समेत मानवीय मूल्यलाई पहिलो प्राथमिकता दिनु जरुरी छ।

आजको समाजमा बढेको देखावटी तडकभडकले व्यक्तिलगायत सिङ्गो समाजलाई असभ्य, ढोंगी र कुरुप बनाउँछ। समाजलाई सिँगार्ने भनेको त हरेकको असल व्यवहारले हो। सभ्य संस्कृति, सदाचार र नैतिकताको उच्च अनुशरणले हो। हरेक व्यक्ति जस्तो छ, ऊसँग जे क्षमता छ सोही अनुसार ढुक्कले आफ्नो काममा रमाउने हो भने विकसित समाज निर्माण गर्न कठिन छैन। अहिलेको हाम्रो प्रमुख समस्या भनेको त कामलाई सानो र ठुलो भनेर वर्गीकरण गर्ने मतलब श्रमको सम्मान नगर्ने प्रवृत्ति हो। आफूले जानेको, आफूले पाएको काममा ध्यान नदिनु हो। अनि काम केही नगरेर कुरा मात्रै धेरै गर्ने, कुरा मात्रै ठुला गर्ने बानीले नै हामी सबैलाई पछाडि पारेको हो। अब आजको २१ औं शताब्दीको समाजलाई यो पाच्य हुँदैन।

➲ बाँकी तेस्रो पेजमा

# बर्ड फ्लुको संक्रमण फैलँदो क्रममा

●राप्तीपोष्ट समाचारदाता

दाङ, ९ असार । कृषि, वन तथा पर्यावरण मन्त्रालय अन्तर्गतको पशु सेवा विभागले मुलुकका विभिन्न क्षेत्रमा देखा परेको घातक बर्ड फ्लु रोगको नियन्त्रण र वर्तमान अवस्थाबारे विस्तृत विवरण सार्वजनिक गरेको छ।

विगत तीन महिनादेखि देशका विभिन्न भू-भागमा तीव्र रूपमा फैलिरहेको यस सङ्क्रामक रोगलाई तत्काल नियन्त्रणमा लिन विभागले विशेष सक्रियता देखाएको छ।

विभागका उपमहानिर्देशकको प्रत्यक्ष नेतृत्वमा बर्ड फ्लु रोग नियन्त्रण कक्ष स्थापना गरी सङ्घ, प्रदेश र स्थानीय तहको प्राविधिक तथा प्रशासनिक समन्वयमा नियन्त्रणका कार्यहरू सञ्चालन भइरहेको विभागले जनाएको छ।

### ११ जिल्लामा बर्ड फ्लु

विभागका अनुसार गत चैत ४ गते मोरङमा पहिलो पटक बर्ड फ्लु प्रमाणित भएयता हालसम्म देशका ११ वटा जिल्लाका ८२ वटा फरक-फरक स्थानमा यो रोगको सङ्क्रमण पुष्टि भइसकेको छ। सङ्क्रमण पुष्टि भएका जिल्लाहरूमा झापा, मोरङ, सुनसरी, महोत्तरी, बारा, चितवन, नवलपरासी, काठमाडौँ, भक्तपुर, ललितपुर र काभ्रेपलाञ्चोक रहेका छन्।

पन्छीहरूमा उच्च मृत्युदर गराउने यो रोगको प्रकोप फैलिएसँगै प्रभावित क्षेत्रहरूमा तत्काल पशु स्वास्थ्य टोली परिचालन गरी नियन्त्रणका उपायहरू अवलम्बन गरिएको विभागका महानिर्देशक डा. उमेश दाहालले जानकारी दिनुभयो।

बर्ड फ्लु नियन्त्रण तथा निवारणका लागि चालिएका कदमहरू अन्तर्गत हालसम्म ठूलो परिमाणमा सङ्क्रमित पन्छी तथा पन्छीजन्य सामग्रीहरू नष्ट गरिएको छ। विभागको तथ्याङ्क अनुसार हालसम्म रोग प्रभावित क्षेत्रहरूबाट पाँच लाख ६९ हजार आठ सय २८ वटा पन्छी सुरक्षित रूपमा नष्ट गरिएको छ।

यसैगरी सङ्क्रमण थप फैलिन नदिन नौ लाख ८९ हजार तीन सय १३ वटा अण्डा र एक लाख ९५ हजार चार सय ८५ केजी दाना समेत नष्ट गरी उचित व्यवस्थापन गरिएको छ। रोग नियन्त्रणलाई थप प्रभावकारी बनाउन गृह मन्त्रालयसँगको समन्वयमा कोशी प्रदेशमा पन्छीको ओसारपसारमा एक महिनासम्म पूर्ण प्रतिबन्ध लगाइएको थियो। उक्त कदमपछि कोशी प्रदेशमा सङ्क्रमण नियन्त्रणमा आएकाले हाल प्रतिबन्धलाई केही खुकुलो बनाइएको छ।

### नाकामा गस्ती बढाइयो

पशु क्वारेन्टाइन कार्यालयहरूले पनि उच्च सतर्कता अपनाउँदै सीमा नाकाहरूमा गस्ती बढाएका छन्। जसका कारण अवैध रूपमा भित्र्याइएका शङ्कास्पद पन्छीहरू नियन्त्रणमा लिई नष्ट गर्ने कार्यलाई तीव्रता दिइएको छ। प्रयोगशालाको सुदृढीकरण र रोगको शीघ्र निदानका लागि केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, पशु रोग अन्वेषण प्रयोगशालाहरू र राष्ट्रिय पन्छी रोग अन्वेषण प्रयोगशालालाई पूर्ण रूपमा परिचालन गरिएको छ।

प्रयोगशाला परीक्षणमा बर्ड फ्लु पुष्टि हुनासाथ आकस्मिक रोग अन्वेषण टोली द्वारा जोखिम मूल्याङ्कन गर्ने र सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीको समन्वयमा द्रुत कार्यदल परिचालन गरी सङ्क्रमित क्षेत्रका सम्पूर्ण पन्छी र पन्छीजन्य सामग्री सुरक्षित रूपमा नष्ट गर्ने गरिएको छ।



विभागका अनुसार हाल कोशी प्रदेशका झापा, मोरङ र सुनसरी तथा अन्य प्रभावित जिल्लाहरू बारा, महोत्तरी, चितवन र नवलपरासीमा सङ्क्रमण पूर्ण रूपमा नियन्त्रणमा आइसकेको छ। तर काठमाडौँ उपत्यकाका काठमाडौँ, ललितपुर र भक्तपुर तथा छिमेकी जिल्ला काभ्रेपलाञ्चोकका कतिपय स्थानमा पालिएका पन्छीहरूमा भने यो रोगको प्रकोप अझै पनि बढ्दो क्रममा देखिएको छ।

यसै सन्दर्भमा नेपालमा देखा परेको बर्ड फ्लु भाइरसको आनुवंशिक संरचना परिवर्तन भए वा नभएको वैज्ञानिक रूपमा यकिन गर्न राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको समन्वयमा आवश्यक सिक्वेन्सिङ कार्य समेत सुरु भइसकेको छ। रोगको संवेदनशीलतालाई ध्यानमा राख्दै विभागले पन्छीपालक कृषक, व्यवसायी तथा सरोकारवालाहरूका लागि विशेष अपील जारी गरेको छ। फार्म परिसरमा जैविक सुरक्षाका विधिहरू कडाइका साथ पालना गर्न, अण्डा राख्ने पुराना कागजी क्रेटहरू पुनः प्रयोगमा नल्याउन र ढुवानीका साधनहरूलाई फार्म भित्र प्रवेश गराउनु अघि अनिवार्य रूपमा निसंक्रमण गर्न अनुरोध गरिएको छ।

त्यस्तै, काग र जङ्गली चराचुरुङ्गीहरूबाट घरपालुवा पन्छीलाई जोगाउन जैविक सुरक्षाका मापदण्ड अपनाउनुका साथै पन्छीजन्य उत्पादन ओसारपसार गर्दा अनिवार्य रूपमा भेटेरिनरी स्वास्थ्य प्रमाणपत्र लिएर मात्र ढुवानी गर्न सचेत गराइएको छ।

### बर्ड फ्लु बाहेक पन्छीमा अन्य रोग पनि

प्रयोगशाला परीक्षणहरूले बर्ड फ्लु बाहेक न्यून प्याथोजेनिक एभियन इन्फ्लुएन्जा, रानीखेत र ई-कोलाई जस्ता रोगहरूका कारण पनि पन्छीहरूमा उच्च मृत्युदर देखिएको पुष्टि गरेको छ। यस्ता बहुविध संक्रमणबाट बच्न किसानहरूलाई नियमित रूपमा खोप लगाउन र सङ्क्रमण पुष्टि भई मरेका पन्छीहरूलाई फार्म परिसरमै गहिरो खाडल खनेर पुरेपछि निसंक्रमण गर्न सुझाव दिइएको छ।

विभागले कुनै पनि फार्म वा पन्छी बिक्री स्थलमा अस्वाभाविक रूपमा पन्छीहरू बिरामी परेमा वा मरेमा तुरुन्त नजिकैको सरकारी पशु सेवा निकायमा खबर गर्न आग्रह गर्दै रोग नियन्त्रणको यस साझा अभियानमा सबै सरोकारवालाको सहयोग र सचेतना आवश्यक रहेको जनाएको छ।

---

## डिजिटल ...

वार्षिक नीति तथा कार्यक्रमलाई सर्वसम्मत रूपमा अनुमोदन गरेको छ। गाउँसभाको अवसरमा गाउँपालिकाले उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षक तथा कर्मचारीलाई सम्मान तथा पुरस्कार समेत प्रदान गरेको छ। शिक्षकतर्फ जनता माध्यमिक विद्यालय बुटनियाका शिक्षक प्रदीप देवकोटा तथा लक्ष्मीनारायण आधारभूत विद्यालय सलौराका शिक्षक भगन्दास चौधरी सम्मानित हुनुभएको छ।

स्वास्थ्य क्षेत्रतर्फ स्वास्थ्य चौकी हेकुलीमा कार्यरत गायत्री बस्नेत सम्मानित हुनुभएको छ भने कर्मचारीतर्फ गाउँपालिका कार्यालयका आईटी अधिकृत युवराज रिजाल र कार्यालय सहयोगी रुपन्या चौधरीलाई नगद पुरस्कार, प्रमाणपत्र तथा दोसल्लासहित सम्मान गरिएको छ।

गाउँपालिकाले उत्कृष्ट कार्यसम्पादन गर्ने जनशक्तिको मनोबल उच्च बनाउने तथा सेवाप्रवाहलाई थप प्रभावकारी बनाउने उद्देश्यले सम्मान कार्यक्रमलाई निरन्तरता दिएको जनाएको छ। दंगीशरण गाउँपालिकाले आर्थिक वर्ष २०८३/८४ का लागि विकास, सुशासन, कृषि आधुनिकीकरण, गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा विस्तार तथा युवा सशक्तीकरणलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम ल्याएको जनाएको छ।

गाउँपालिकाले २१ औँ गाउँसभाको दोस्रो बैठक आज बुधबार बिहान ११ बजे बस्ने जानकारी दिइएको छ। उक्त बैठकमा आगामी आर्थिक वर्षको बजेट तथा अन्य महत्वपूर्ण प्रस्तावमाथि छलफल हुने अपेक्षा गरिएको छ।

---

## नपरोस् ...

हरेक व्यक्तिमा उच्च नैतिक आचरणको साथमा मानवीय मूल्यले बास गर्न जरुरी छ। नेतृत्वले उच्च राजनीतिक संस्कारयुक्त हुन जरुरी देखिन्छ। आफ्नो व्यक्तिगत र दलगत स्वार्थबाट माथि उठेर निष्ठाको राजनीति गर्नु पर्छ। कर्मचारीतन्त्र सदाचार र नैतिकताले धपक्क बलेको सेवक बन्नु पर्छ। हरेक नागरिक सचेत नागरिक बनेर आफ्ना कर्तव्य पूरा गरेर अधिकारको प्रयोग गर्न सक्नु पर्छ। अन्य नागरिक समाज, सङ्घ संस्था सबैले सामाजिक रूपमा सहयोगी भावनाले ओतप्रोत भएर मानवीय मूल्यमान्यताको जगेर्ना गर्दै असल समाज निर्माणको पहरेदार बन्नु पर्छ।

अरूको दुःखमा सक्दो सहयोग गर्ने, सुखमा सँगै रमाउने बानीको विकास गरौँ। मानवीय मूल्यलाई आत्मसात् गरेर मानवताको व्यवहार गर्ने प्राणी भएकैले हामीलाई मानिस भनिएको हो। आजको ढोंगी समाजमा मानवताको खडेरी एउटा चेतावनी हो। हामीले आफ्नो बाटो सुधार्न आवश्यक छ भन्ने सङ्केत हो। हामीले समयमै सचेत भएर मानवतालाई पुनःस्थापित गर्न सकेनौँ भने समाज केवल बाहिरी चमकधमकमा सीमित भई आत्माहीन बन्न सक्छ। साँचो मानव बन्ने प्रयास प्रत्येक व्यक्तिको जिम्मेवारी हो। मानवताको संरक्षण र प्रवर्धनबाट मात्र समाजलाई स्वस्थ, समृद्ध र सन्तुलित बनाउन सकिन्छ।

**- (गोरखापत्रबाट)**

---

## रास्वपा ...

सामाजिक सञ्जालका प्रतिक्रियाबाट देश र सरकार चलाउन खोज्दै छन्। त्यो परिपक्व राजनीतिको लक्षण होइन। राज्यको सर्वोच्च कार्यकारी पदमा बसेको व्यक्तिको सार्वजनिक संवादकला र कूटनीतिक गम्भीरता फितलो देखिँदा राज्यकै गरिमा घट्छ। सरकार सञ्चालन 'भाइरल' हुने होडबाजी होइन भन्ने कुरा मनन नगर्नु नै उनको ठूलो कमजोरी बनेको छ।

**दुई धारको कृत्रिम एकता: 'गल्फ अफ अलास्का' को चक्रव्यूह**

राजनीतिक फाइदा र शक्ति आर्जनका लागि फरक-फरक पृष्ठभूमि र कार्यशैली भएका दुई शक्तिशाली व्यक्ति वा धारहरू (जस्तैः सभापति रवि लामिछाने र प्रधानमन्त्री बालेन शाह) बिचको एकता वा रणनीतिक मोर्चा सधैं जोखिमपूर्ण हुन्छ।

'मिसिनु' र 'घोलिनु' बिचको फरक नबुझ्दाको परिणाम विगतमा पूर्वप्रधानमन्त्री केपी ओली र प्रचण्डले भोगिसकेका छन्। 'गल्फ अफ अलास्का'मा दुई फरक समुद्रको पानी भेट त हुन्छ तर घनत्व र तापक्रम नमिल्दा ती आपसमा घोलिँदैनन्, सिमाना प्रस्ट देखिन्छ। राजनीतिमा पनि पृष्ठभूमि, कार्यशैली र स्वत्व फरक भएका दुई धारहरू शक्ति र स्वार्थका लागि सँगै त आउलान् तर ती भावनात्मक रूपमा कहिल्यै एक हुन सक्दैनन्। महाधिवेशन हलबाट बाहिर निस्कँदै गर्दा रास्वपा र यसको नेतृत्वसँगै प्रस्तुत हुने मुख्य प्रश्न हो- पार्टी गडगडाउँदो खहरेको क्षणिक भेल बन्ने कि अविरल बग्ने हिमनदी? **- (नागरिक दैनिकबाट)**

---

## खेलकुद खबर

# विश्वकप फूटवल-२०२६ : मेसीको नाममा सर्वाधिक गोलको कीर्तिमान

●राप्तीपोष्ट समाचारदाता

दाङ, ९ असार। विश्वकपमा सर्वाधिक गोल गर्ने कीर्तिमानसहित लिओनल मेसीले दुई गोल हानेर अस्ट्रियाविरूद्धको खेलमा अर्जेन्टिनालाई ०-२ को जित दिलाएका छन्। समूह चरणको खेलमा लगातार दोस्रो जितसँगै अर्जेन्टिना नकआउट चरणमा प्रवेश गरेको छ।

अस्ट्रियाविरूद्ध सोमबार राति भएको खेलमा मेसीले पहिलो गोल ३८ मिनेटमा गरेका थिए भने दोस्रो गोल खेल सकिनु केही मिनेटअघि थपिएको समयमा गरेका थिए। खेलमा अर्जेन्टिनाले पाएको पेनाल्टीलाई उनले गोलमा परिणत गर्नबाट भने चुके।

३८ वर्षको उमेरमा पनि जादुमयी खेल प्रदर्शन गरिरहेका मेसीले दुई गोलसँगै विश्वकप प्रतियोगितामा अहिलेसम्म १८ गोलको कीर्तिमान राखेका छन्। उनले यसअघि अल्जेरियाविरूद्धको खेलमा ह्याट्रिक गरेर विश्वकप इतिहासमा सर्वाधिक गोल गर्ने जर्मनीका दिग्गज खेलाडी मिरोस्लाभ क्लोजको १६ गोलको कीर्तिमान बराबरी गरेका थिए।

अर्जेन्टिनाका स्टार खेलाडी लियोनल मेसीका लागि यसपालिको फिफा विश्वकप दुई कारणले महत्वपूर्ण छ। पहिलो, मेसीको यो अन्तिम विश्वकप हुनेछ भने दोस्रो, अर्जेन्टिनालाई लगातार दोस्रो पटक विश्वकप जिताउने अवसर उनीसँग छ। मेसीका लागि विश्वकप जति महत्वपूर्ण हो, त्यही स्तरको उम्दा प्रदर्शन पनि उनले देखाइरहेका छन्।

नक आउट चरणमा प्रवेश गरिसकेको अर्जेन्टिनालाई समूह चरणका दुवै खेल मेसीले जिताए। त्यतिमात्रै होइन दुवै खेलमा उनले मात्रै गोल हाने। पहिलो खेलमा त उनले अल्जेरियाविरूद्ध ह्याट्रिक नै हाने। अस्ट्रियाविरूद्धको दोस्रो खेलमा दुई गोल गरे। सुरूवाती प्रदर्शनले ३८ वर्ष पुगेका मेसीको लय खस्किएको छैन, बरू बढेको छ भन्ने देखिएको छ।

जारी संस्करणको विश्वकपमा खेल्दा मेसिका नाममा आधा दर्जन बढी कीर्तिमान थपिएको छ। अल्जेरिया विरुद्धको ह्याट्रिक गर्दा मेसीका लागि विश्वकप करियरको पहिलो ह्याट्रिक थियो। उनले आफ्ना धेरै कीर्तिमानहरू बीच विश्वकपमा भने अहिलेसम्म ह्याट्रिक गरेका थिएनन्। उनी पुरुष फुटबलको इतिहासमा ५ वटा फरक-फरक विश्वकप संस्करणमा गोल गर्ने विश्वकै दोस्रो खेलाडी पनि बने।

यसअघि यो दुर्लभ कीर्तिमान पोर्चुगलका क्रिस्टियानो रोनाल्डोको नाममा मात्र थियो। अब मेस्सीले पनि रोनाल्डोको सोही रेकर्ड बराबरी गरेका छन्। मेसीले सन् २००६, २०१४, २०१८, २०२२ र अहिले २०२६ को विश्वकपमा गोल गरेर रोनाल्डोको बराबरी गरेका हुन्।



यो खेल मेसीको अर्जेन्टिनाको जर्सीमा २००औं अन्तर्राष्ट्रिय खेल थियो। यो आँकडा छुने उनी पहिलो अर्जेन्टिनी खेलाडी बने। सोमबारराति अस्ट्रियासँग खेलेपछि यो आँकडा पनि २०१ पुगेको छ। विश्वकपमा आफ्नो २८ औं खेल खेल्दै उनले सबैभन्दा धेरै विश्वकप खेल खेल्ने आफ्नै रेकर्डलाई अझै मजबुत बनाएका छन्। अल्जेरियाविरूद्धको खेलबाट मेसीले अर्को रेकर्ड पनि बनाए। अर्जेन्टिनाको इतिहासमा साविक विजेताको रूपमा मैदान उत्रिँदा पहिलो खेल जितेको त्यो पहिलो पटक थियो। यसअघि १९८२ र १९९० मा अर्जेन्टिनाले साविक विजेता भएर खेल्दा पहिलो खेल हारेको थियो।

अल्जेरियाविरूद्ध ३ गोल प्रहार गर्दा मेसीले अर्को महत्त्वपूर्ण कीर्तिमान बनाए। यस ह्याट्रिकसँगै मेसीले विश्वकप इतिहासमा सर्वाधिक गोल गर्ने जर्मनीका दिग्गज खेलाडी मिरोस्लाभ क्लोजको १६ गोलको कीर्तिमान बराबरी गरे। अस्ट्रियाविरूद्ध २ गोल गरेपछि मेसीले क्लोजको कीर्तिमान तोडे। विश्वकपमा सर्वाधिक गोल गर्ने कीर्तिमान अब लिओनल मेसीका नाममा दर्ज भएको छ।

यो ऐतिहासिक कीर्तिमानसँगै मेसीले सोमबाररातिकै खेलबाट एउटा खराब कीर्तिमान राखे। ८ पटकको बालोन डि'ओर विजेता मेसीले खेलको आठौं मिनेटमा पेनाल्टी मिस गरे। योसँगै उनी विश्वकपमा सर्वाधिक पेनाल्टी मिस गर्ने खेलाडी बनेका छन्। विश्वकपमा ७ वटा पेनाल्टी अवसर पाएका उनले तीन पेनाल्टी खेर फाल्दै धेरै पेनाल्टी मिस गर्ने खराब कीर्तिमान आफ्नो नाममा दर्ज गराएका हुन्।

मेसीलाई इतिहासकै महान् खेलाडीमध्ये एक मानिन्छ। तर पेनाल्टी प्रहारको विषयमा भने उनको प्रदर्शन साधारण देखिएको छ। मेसीले यसअघि उनले २०२२ मा पोल्यान्डविरुद्ध र २०१८ मा आइसल्यान्डविरुद्ध पनि पेनाल्टी गोल गर्न सकेका थिएनन्। अन्तर्राष्ट्रिय फुटबलमा मेसीले ३१ पेनाल्टीमध्ये २५ गोल गरेका छन्।

क्लब र राष्ट्रिय टोलीका सबै खेल जोड्दा उनले १४९ पेनाल्टी प्रहार गर्दा ११६ गोल गरेका छन्। यसरी पेनाल्टीमा उनको ७७ प्रतिशत सफलता दर विश्वस्तरका शीर्ष खेलाडीहरूको औसतभन्दा कम मानिन्छ। विश्लेषकहरूका अनुसार मेसीको पेनाल्टी खेर जानुमा उनको शैली कारक हो।

धेरै खेलाडीले पेनाल्टी प्रहारअघि नै कुन दिशामा हान्ने भन्ने निर्णय गरिसकेका हुन्छन्। तर मेसी प्रायः गोलरक्षकको चाल हेरेर अन्तिम क्षणमा निर्णय गर्ने प्रयास गर्छन्। यसले उनको प्रहार गोलकिपरका लागि त अप्रत्याशित बनाउँछ, तर कहिलेकाहीँ आफू र टिमका लागि प्रत्युत्पादक हुन्छ भनेर विश्लेषकहरू बताउँछन्। अस्ट्रियाविरुद्धको खेलमा गोलरक्षक अलेक्जेन्डर स्क्लजरले अन्तिम क्षणसम्म आफ्नो स्थिति नबदल्दा मेसी दबाबमा परेका थिए। गोलरक्षकलाई छल्ने प्रयासमा उनले बल पोस्ट बाहिर प्रहार गरे। खेलपछि मेसीले पनि यो कुरा स्वीकार गरेका छन्।

'म रिसाएको थिएँ। मैले बल निकै खराब तरिकाले प्रहार गरें।' उनको भनाइ उद्धृत गरेर न्युयोर्क टाइम्सको द एथ्लेटिकले लेखेको छ। पेनाल्टी विज्ञ गियर जोर्डेटका अनुसार मेसीले गोल रक्षकको चाल हेरेर निर्णय गर्ने भएकाले अन्तिम क्षणमा सटको नियन्त्रण गुम्ने जोखिम बढी हुन्छ। 'जब खेलाडीको ध्यान बलभन्दा गोलरक्षकतर्फ जान्छ, सटको सटिकता घट्न सक्छ,' उनले बताएका छन्। मेसीको अर्को विशेषता भनेको एउटै निश्चित शैलीमा निर्भर नहुनु हो।

कहिले भित्री भाग (इन्स्टेप) बाट, कहिले जोडदार प्रहार, कहिले पनेन्का प्रहार गर्छन्। यो सिर्जनशीलता खुला खेलमा उनको सबैभन्दा ठूलो शक्ति भए पनि पेनाल्टीमा भने कहिलेकाहीँ कमजोरी बन्ने गरेको विश्लेषकहरूको भनाइ छ। यद्यपि पेनाल्टीमा कमजोरी देखिए पनि मेसीको समग्र उपलब्धिमा त्यसले ठूलो असर पारेको छैन। पछिल्लो विश्वकपमा उनले सातमध्ये ६ पेनाल्टी गोल गरेका थिए। फ्रान्स र नेदरल्यान्ड्स विरुद्धको नकआउट चरणमा समेत उनले निर्णायक पेनाल्टीलाई गोलमा परिणत गरेका थिए।

रोचक कुरा के छ भने मेसीले करिअरभरि धेरै पेनाल्टी गुमाएका भए पनि उनले त्यसको क्षतिपूर्ति मैदानमा अन्य तरिकाले गर्दै आएका छन्। अस्ट्रियाविरुद्ध पेनाल्टी चुकाए पनि उनले त्यसै खेलमा दुई गोल गर्दै विश्वकप इतिहासका सर्वाधिक गोलकर्ताको कीर्तिमान आफ्नो नाममा लेखाए।

# एमबाप्पेको दुई गोलमा इराक पराजित

●राप्तीपोष्ट समाचारदाता

काठमाडौं, ९ असार। केलियन एमबाप्पेको उत्कृष्ट प्रदर्शनको मद्दतमा फ्रान्स फिफा विश्वकप फुटबलको नकआउट चरणमा प्रवेश गरेको छ। समूह चरणअन्तर्गत सोमबार राति भएको खेलमा इराकलाई ३-० गोलअन्तरले पराजित गर्दै फ्रान्सले एक खेल बाँकी रहँदै अन्तिम १६ मा स्थान सुरक्षित गरेको हो।

अमेरिकाको फिलाडेल्फियामा सम्पन्न खेलमा फ्रान्सको जितका लागि कप्तान केलियन एमबाप्पेले दुई गोल गरे भने उसमान डेम्बेलेले एक गोल थपे। खेलको १४औं मिनेटमा एमबाप्पेले गोल गर्दै फ्रान्सलाई अग्रता दिलाएका थिए। पहिलो हाफमा १-० को अग्रता बनाएको फ्रान्सले दोस्रो हाफमा थप आक्रामक खेल प्रदर्शन गऱ्यो।



५४औं मिनेटमा एमबाप्पेले व्यक्तिगत दोस्रो तथा टोलीका लागि दोस्रो गोल गर्दै फ्रान्सको अग्रता दोब्बर बनाए। इराकले खेलमा फर्कने प्रयास गरे पनि फ्रान्सको सशक्त रक्षापंक्तिलाई भेद्न सकेन। खेलको ६६औं मिनेटमा उसमान डेम्बेलेले गोल गरेपछि फ्रान्स ३-० ले अघि बढ्यो र सोही नतिजा अन्तिमसम्म कायम रह्यो।

लगातार दोस्रो जितसँगै फ्रान्सले समूह चरणमा ६ अंक जोडेको छ। यसअघि पहिलो खेलमा फ्रान्सले सेनेगललाई ३-१ गोलले पराजित गरेको थियो। लगातार दुई जितपछि फ्रान्सले समूहको शीर्ष स्थानमा रहँदै नकआउट चरणको यात्रा सुनिश्चित गरेको हो। फ्रान्सले अब समूह चरणको अन्तिम खेलमा नर्वेको सामना गर्नेछ। नर्वेले पहिलो खेलमा इराकलाई ४-१ गोलले पराजित गरेको थियो भने दोस्रो खेलमा इराकविरुद्ध प्रतिस्पर्धा गरिरहेको छ।

एमबाप्पेको उत्कृष्ट लय, डेम्बेलेको प्रभावशाली खेल तथा टोलीको सन्तुलित प्रदर्शनका कारण फ्रान्सलाई यस संस्करणको विश्वकप उपाधि दावेदार टोलीका रूपमा हेरिएको छ। नकआउट चरणमा पुग्ने पहिलो टोलीमध्ये एक बनेको फ्रान्सले आगामी खेलहरूमा पनि आफ्नो लय कायम राख्ने लक्ष्य लिएको छ।

---

## जरुरी फोन नम्बरहरू

प्रहरी
प्रहरी कन्ट्रोल १००
जिल्ला प्रहरी कार्यालय दाङ ५६०१९९
प्रहरी उपरिक्षक ५६२३६३, ९८५७८०५५५५, ९८५१२८०३९१, ९८०२५०३२५५
नगर (प्रहरी घोराही) ५६०९९९
इप्रका तुलसीपुर ५२००२०
इप्रका लमही ५४०१४०
इप्रका भालुवाङ ५८००८४
ट्रफिक कार्यालय ५६००४१
अंचल प्रहरी ५२०१९९
सशस्त्र प्रहरी बेस क्याम्प तुलसीपुर ५२१८९१

अस्पताल
राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान ५६०११९
आयुर्वेद चिकित्सालय, विजौरी ५२०१०५
राप्ती प्रादेशीक अस्पताल, तुलसीपुर ५२००११
प्राथमिक स्वास्थ्य केन्द्र लमही ५४००११
राप्ती आँखा अस्पताल रक्षाचौर ५२०१६५
ब्लड बैंक घोराही ५६१४६०
पशु सेवा कार्यालय ५६००२१
आँखा उपचार केन्द्र ५६०८०३
अपाङ्ग समाज सुधार केन्द्र फिजियो थेरापी केन्द्र तुलसीपुरः ९८४४९०२९३८
गोर्खा पब्लिक अस्पताल ०८२-५६३४१४

एम्बुलेन्स
राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान ५६०११९, ९८४७८२६४२०, (ड्राइभर)
रेडक्रस, दाङ ५२००२२
लायन्स क्लव अफ तुलसीपुर ५२०८९९
*(ड्राइभर ९८४७८९१०२७ ड्राइभर ९८४४९६७५५३)*
देउखुरी उद्योग वाणिज्य संघ ५४०१०१
राप्ती सेवा संघ ५६२०७४
नेपाल भारत मैत्री संघ तुलसीपुर ५२१६१०
राप्ती प्रादेशिक अस्पताल ५२१०११
स्वास्थ्य चौकी सिसहनीया ६९२२२८
प्राथमिक स्वास्थ्य केन्द्र स्यूजा ९७४८५१७७०४
प्राथमिक स्वास्थ्य केन्द्र लमही ५४००११
लायन्स क्लव तुलसीपुर ५२२३७६
प्रा.स्वा.के. श्रीगाउँ बागर ९७४८५२९९२३
नेपाल सामुदायिक विकास संस्था घोराही ५६१६१५
दाङ देउखुरी होटल व्यवसायी ५६२६२२
तुलसीपुर उद्योग वाणिज्य संघ ५२०८९३
उपस्वास्थ्य चौकी नारायणपुर ९८०६२८४९१९(ड्राइभर)
कमल बहुउद्देश्यि सहकारी ५२२६०३
गढवा स्वास्थ्य चौकी ड्रा.९८४४९३०८३३, ९९३८२१११४
घोराही हस्पिटल प्रा.लि. ०८२-५६३२९७, ९८५७८३२३३३
सुवास स्मृति उपभोक्ता सहकारी धनौरी ९८१२८०००२६
नेपाल आमा समूह : चालक.९८५७८३४९९०, ९८५७८३४९९१
रोल्पाली समाज सेवा, घोराही, दाङ चा.९८४७९५९६३०, ९८५७८३४७६०
विष्णुदेवी फाउण्डेशन : ९८६६९३०३२८

वारुणयन्त्र
घोराही ५६०४९९ लमही ५४०००३
तुल्सीपुर ५२०३०५

पार्टी कार्यालय
नेकपा (एमाले) ५६०२३०
नेपाली काँग्रेस ५६०२२९
राष्ट्रिय जनमोर्चा ५६०३८४
ए.नेकपा (माओवादी) ५६१६९२
नेकपा माले ९८४७८२७३९३

केही सरकारी कार्यालय
जिल्ला प्रशासन, दाङ ५६०१३३
घोराही उपमहानगरपालिका ५६०४७०
जिल्ला समन्वय समिति दाङ ५६००३८, ५६०१४४
जिल्ला अदालत ५६०२४५
जिल्ला जनस्वास्थ्य कार्यालय ५६२०३९
जिल्ला हुलाक कार्यालय ५६००२४
शिक्षा विकास तथा समन्वय इकाई ५६०००९
नेपाल टेलीकम घोराही ५६००४४
नेपाल टेलीकम तुल्सीपुर ५२००४४
नेपाल विद्युत प्राधिकरण ५६००३७
जिल्ला कृषि विकास कार्यालय टल फ्री नम्बर ६६०८२५६३३३

संघ संस्था/विविध
नेपाल पत्रकार महासंघ ५६१४९७
दाङ उद्योग वाणिज्य संघ ५६००६३
नेपाल वार एशोसिएसन ५६१४५३
घोराही वुकिङ काउन्टर ५६०४१५

सुनौं दाङलाई
रेडियो मध्यपश्चिम ९१.४ मेगाहर्ज विहान ५:०० देखि राती ११:०० बजेसम्म — आवाज हिनको आवाज पश्चिम नेपालको आवाज
रेडियो स्वर्गद्वारी १०२.८ मेगाहर्ज विहान ५:०० देखि राती १०:०० बजेसम्म
रेडियो इन्द्रेणी ९२.४ मेगाहर्ज विहान ५:०० देखि राती १०:०० बजेसम्म — पल पलको साथी
रेडियो सञ्जीवनी ९१ मेगाहर्ज विहान ५:३० देखि राती १०:०० बजेसम्म
रेडियो झरना ८८.०० मेगाहर्ज विहान ५:३० देखि राती ११:०० बजेसम्म — हिमाल पहाड तराइको एउटै आवाज
रेडियो तुलसीपुर १००.२ मेगाहर्ज विहान ५:०० देखि राती १०:०० बजेसम्म
रेडियो प्रकृति ९३.४ मेगाहर्ज विहान ५:०० देखि राती ११:०० बजेसम्म — नेपालकै पहिलो वातावरण मैत्री रेडियो
रेडियो हाम्रो पहुँच ८९.०० मेगाहर्ज विहान ५:०० देखि राती १०:०० बजेसम्म — गणतान्त्रिक नेपालको समावेशी आवाज
रेडियो हाईवे १०३.५ मेगाहर्ज विहान ५:०० देखि राती ११:०० बजेसम्म — समावेशी विचारको समावेशी आवाज
रेडियो नयाँ युग १०७.३ मेगाहर्ज विहान ५:००-११:०० राती ३:००-११:०० — सुशासन, न्याय र रुपान्तरण हाम्रो अभियान
रेडियो देउखुरी १०५.८ मेगाहर्ज विहान ५:००-११:०० राती ३:००-१०:०० बजेसम्म
रेडियो हापुरे ८९.४ मेगाहर्ज विहान ५:०० देखि १२:१५ दिउँसो २:००- राती १०:०० बजेसम्म
रेडियो साझा आवाज गढवा, देउखुरी

# बालबालिकालाई पोषणयुक्त खाद्यान्न वितरण

**●राप्तीपोष्ट समाचारदाता**

तुलसीपुर, ९ असार । बालबालिकामा देखिने कुपोषणको समस्या न्यूनीकरण गर्दै उनीहरूको स्वास्थ्य तथा पोषण अवस्था सुधार गर्ने उद्देश्यले सेवा प्रतिष्ठान नेपालले तुलसीपुर उपमहानगरपालिकाका विभिन्न वडाका बालबालिकालाई पोषणयुक्त खाद्यान्न वितरण गरेको छ ।



संस्थाले तुलसीपुर उपमहानगरपालिका-१०, १३, १४ र १५ का कुपोषणको जोखिममा रहेका दुई सय ५९ जना बालबालिकालाई लक्षित गर्दै पोषणयुक्त खाद्यान्न वितरण गरेको हो । सेवा प्रतिष्ठान नेपालका अध्यक्ष सन्तोष केसीको अध्यक्षतामा भएको कार्यक्रममा वडा नं. १० का अध्यक्ष यमराज केसी लगायतले सामग्री वितरण गर्नुभएको थियो ।

कार्यक्रममा बोल्दै वडाध्यक्ष केसीले आधुनिक प्रविधिको विकाससँगै मानिसको जीवनशैलीमा परिवर्तन आएको र त्यसले स्वास्थ्य क्षेत्रमा समेत विभिन्न चुनौती थपिएको बताउनुभयो । बालबालिकाको शारीरिक तथा मानसिक विकासका लागि सन्तुलित र पोषणयुक्त आहार अपरिहार्य रहेको उल्लेख गर्दै उहाँले पोषणप्रति अभिभावकको सचेतना बढाउन आवश्यक रहेको धारणा राख्नुभयो ।

उहाँले बालबालिकाको उमेरअनुसार हुने शारीरिक, मानसिक, सामाजिक तथा संवेगात्मक विकासमा पोषणको महत्वपूर्ण भूमिका रहने बताउनुभयो । 'हामीले बजारका तयारी खाद्यवस्तुभन्दा पनि घरमै उपलब्ध हुने पोषणयुक्त खानेकुराको सही प्रयोग गर्न सके बालबालिकाको स्वास्थ्यमा उल्लेखनीय सुधार ल्याउन सक्छौं ।' उहाँले भन्नुभयो ।

कार्यक्रममा सेवा प्रतिष्ठान नेपालका संस्थापक अध्यक्ष डा. नहकुल केसीले स्वस्थ आमा र स्वस्थ बालबालिका नै स्वस्थ समाज निर्माणको आधार भएको बताउनुभयो । उहाँले बालबालिकाको पोषण अवस्थालाई सुधार गर्न परिवार, समुदाय तथा सरोकारवाला निकायबीच समन्वय आवश्यक रहेको उल्लेख गर्नुभयो ।

डा. केसीले नेपालका विभिन्न प्रदेशको पोषण अवस्थाबारे चर्चा गर्दै सुदूरपश्चिम र कर्णाली प्रदेशको तुलनामा लुम्बिनी प्रदेशमा बालबालिकाको पोषण अवस्था अपेक्षाकृत चिन्ताजनक रहेको बताउनुभयो । उहाँले कुपोषण न्यूनीकरणका लागि सरकारी तथा गैरसरकारी क्षेत्रबाट संयुक्त प्रयास आवश्यक रहेको बताउनुभयो ।

तुलसीपुर उपमहानगरपालिकाको स्वास्थ्य प्रवर्द्धन शाखाका प्रमुख ओमप्रकाश न्यौपानेले स्वास्थ्य क्षेत्रको विकासबिना समग्र राष्ट्रिय विकास सम्भव नहुने धारणा व्यक्त गर्नुभयो । उहाँले आमाहरूले सन्तुलित खानपानमा ध्यान दिन नसक्दा बालबालिकाको वृद्धि र विकासमा प्रत्यक्ष असर पर्ने गरेको बताउनुभयो ।

`पालमा अझै पनि ठूलो संख्यामा महिलाहरू रक्तअल्पताको समस्याबाट प्रभावित रहेको उल्लेख गर्दै उहाँले हाल करिब ४१ प्रतिशत महिलामा रक्तअल्पता रहेको तथ्य प्रस्तुत गर्नुभयो । परिवारको भान्सालाई पोषणमैत्री बनाउन सके बालबालिकामा देखिने धेरै स्वास्थ्य समस्या समाधान गर्न सकिने उहाँको भनाइ थियो ।

कार्यक्रममा टरिगाउँ स्वास्थ्य चौकीकी इन्चार्ज बिना केसीले स्वास्थ्य संस्थामार्फत नियमित रूपमा पोषणसम्बन्धी परामर्श सेवा प्रदान गरिँदै आएको जानकारी दिनुभयो । उहाँले बालबालिकालाई सर्वोत्तम लिटो लगायत स्थानीयस्तरमै उपलब्ध पोषणयुक्त खाद्य परिकार खुवाउन अभिभावकलाई आग्रह गर्नुभयो ।

त्यसैगरी टरिगाउँ स्वास्थ्य चौकीकी पोषण फोकल पर्सन उषा कडेलले कुपोषित बालबालिकाका अभिभावकलाई पोषण व्यवस्थापन सम्बन्धी विस्तृत जानकारी दिनुभएको थियो । उहाँले बालबालिकालाई के खुवाउने, कति मात्रामा खुवाउने, कुन उमेरमा कस्तो पोषण आवश्यक पर्छ भन्ने विषयमा व्यवहारिक परामर्श प्रदान गर्नुभएको थियो ।

कार्यक्रमका क्रममा सहभागी अभिभावकहरूलाई कुपोषण न्यूनीकरण, पोषणसम्बन्धी जनचेतना अभिवृद्धि तथा बालबालिकाको स्वास्थ्य अवस्थामा सुधार ल्याउने उपायबारे जानकारी गराइएको थियो । साथै, पोषणयुक्त खाद्यान्न वितरणसँगै अभिभावकलाई पोषण शिक्षा प्रदान गरिएकाले कार्यक्रमले दीर्घकालीन रूपमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ ।

## वन ...

समूह तथा सुरक्षा निकायबीचको सहकार्यलाई अझ सुदृढ बनाउन आवश्यक रहेको बताउनुभयो । उहाँले वन क्षेत्रलाई राष्ट्रको अमूल्य सम्पत्ति भन्दै यसको संरक्षण, संवर्द्धन र दिगो उपयोग सबै पक्षको साझा जिम्मेवारी भएको उल्लेख गर्नुभयो ।

उहाँले पछिल्लो समय वन डढेलो, अवैध वन पैदावार ओसारपसार तथा वन अतिक्रमणजस्ता समस्या बढ्दै गएको उल्लेख गर्दै यस्ता गतिविधि नियन्त्रणका लागि सामूहिक प्रयास अपरिहार्य रहेको बताउनुभयो । साथै वन क्षेत्रको जैविक विविधता संरक्षण, हरियाली प्रवर्द्धन तथा वातावरणीय सन्तुलन कायम राख्न जनसहभागिता र सचेतनालाई प्राथमिकता दिइएको जानकारी दिनुभयो ।

कार्यक्रममा सामुदायिक वन महासंघ दाङका अध्यक्ष हरि भुषाल, इलाका प्रहरी कार्यालय गढवाकी प्रहरी निरीक्षक साहिल बुढाथोकी, गढवा गाउँपालिका वडा नम्बर ६ का वडाध्यक्ष वीरबहादुर आले मगर, वन तथा वातावरण संरक्षण समन्वय समिति गढवाकी अध्यक्ष पुष्पा यादव तथा स्थानीय वन महासंघ गढवाका अध्यक्ष नवराज शर्मा लगायतले वन संरक्षण, समुदायको भूमिका तथा समन्वयको आवश्यकता सम्बन्धमा आ-आफ्ना धारणा राख्नुभएको थियो ।

वरिष्ठ फरेस्टर खिमराज कँवरको स्वागत मन्तव्यबाट सुरु भएको कार्यक्रमको सञ्चालन गढवा सब-डिभिजन वन कार्यालयका प्रमुख अनन्त बहादुर डाँगीले गर्नुभएको थियो । कार्यक्रममा विभिन्न सामुदायिक वनका पदाधिकारी, सरोकारवाला निकायका प्रतिनिधि, पत्रकार तथा स्थानीयवासीहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

## लमहीले ...

उद्यम विकाससँग जोड्ने उद्देश्यले सहकारी शाखामा १२ लाख २५ हजार विनियोजन गरिएको छ । सेवा प्रवाहलाई डिजिटल तथा अनलाइन प्रणालीमा रूपान्तरण गर्न तथा बजार क्षेत्रमा रहेका सीसीटीभी क्यामेराको मर्मतसम्भार र सञ्चालनका लागि सूचना प्रविधि शाखामा आवश्यक बजेट छुट्याइएको छ ।

स्थानीय कला, संस्कृति, थारु परिकार, हस्तकला, ढकिया, गुन्द्री तथा मौलिक उत्पादनहरूको संरक्षण र प्रवर्द्धनका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत समेत बजेट विनियोजन गरिएको छ । वैदेशिक रोजगारीमा जाने तथा फर्किने व्यक्तिहरूका लागि मनोसामाजिक परामर्श, वित्तीय साक्षरता तथा सूचना सेवा प्रदान गर्न सामी कार्यक्रममार्फत समेत बजेट व्यवस्था गरिएको छ ।

नगरपालिकाले वडा नं. १ देखि ९ सम्मका प्रत्येक वडाका लागि एक करोड ६० लाखका दरले बजेट विनियोजन गरेको छ । वडास्तरमै नागरिकका आवश्यकता र माग सम्बोधन गर्ने उद्देश्यले यो व्यवस्था गरिएको नगरपालिकाले जनाएको छ ।

# दाङ प्रहरीद्वारा जेठको प्रगति सार्वजनिक

**●राप्तीपोष्ट समाचारदाता**

घोराही, ९ असार । जिल्ला प्रहरी कार्यालय दाङले जेठ महिनामा गरिएको गतिविधि सार्वजनिक गरेको छ । सार्वजनिक विवरणअनुसार जिल्लामा राजस्व संकलन, अपराध नियन्त्रण, विपद् व्यवस्थापन, यातायात तथा सेवा प्रवाहका विभिन्न सूचकहरूमा उल्लेखनीय प्रगति भएको देखिएको छ ।

जिल्ला प्रहरी कार्यालय दाङका प्रमुख प्रहरी उपरिक्षक दिपक श्रेष्ठका अनुसार जेठ महिनामा मात्रै १० करोड ७० लाखभन्दा बढी राजस्व संकलन भएको छ । त्यस्तै, विभिन्न प्रशासनिक तथा सुरक्षा गतिविधिहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्दै सेवा प्रवाहलाई थप चुस्त र व्यवस्थित बनाइएको जनाइएको छ ।

जिल्ला सुरक्षा निकायका अनुसार जेठ महिनामा विभिन्न अपराध नियन्त्रण तथा अनुसन्धान गतिविधिहरूलाई तीव्रता दिइएको छ । लागूऔषध नियन्त्रण, अवैध कारोबार, ट्राफिक व्यवस्थापन तथा सार्वजनिक सुरक्षासम्बन्धी कार्यहरूलाई प्राथमिकतामा राखिएको जनाइएको छ । त्यसैगरी विपद् तथा आपतकालीन अवस्थामा तत्काल उद्धार तथा राहत प्रदान गर्ने प्रणालीलाई प्रभावकारी बनाइएको उल्लेख गरिएको छ ।

प्राप्त विवरणअनुसार कर प्रशासनलाई डिजिटल प्रणालीतर्फ उन्मुख गर्दै राजस्व संकलनलाई पारदर्शी र व्यवस्थित बनाइएको छ । विभिन्न कार्यालयहरूबाट सेवा प्रवाहलाई सहज बनाउन सूचना प्रविधिको प्रयोग विस्तार गरिएको छ । राजस्व संकलनमा देखिएको वृद्धि स्थानीय आर्थिक गतिविधि विस्तार भएको संकेतका रूपमा लिइएको छ ।

जेठ महिनामा यातायात व्यवस्थापनलाई पनि कडाइका साथ लागू गरिएको छ । ट्राफिक नियम उल्लङ्घन नियन्त्रण, सडक सुरक्षा सचेतना तथा दुर्घटना न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गरिएको जनाइएको छ । सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन विभिन्न सरकारी कार्यालयहरूमा डिजिटल प्रणाली, अभिलेख व्यवस्थापन सुधार तथा सेवा छिटो-छरितो बनाउने कार्यहरू अघि बढाइएको छ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनतर्फ पनि विभिन्न गतिविधि सञ्चालन गरिएको छ। बाढी, पहिरो तथा अन्य प्राकृतिक विपद्को सम्भावित जोखिमलाई मध्यनजर गर्दै पूर्वतयारी, समन्वय तथा राहत व्यवस्थापन प्रणालीलाई सक्रिय बनाइएको जनाइएको छ ।

विभिन्न कार्यालयहरूमा कार्यरत कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन, क्षमता विकास तथा प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गरिएको विवरणमा उल्लेख छ । सेवा प्रवाहलाई प्रभावकारी बनाउन कर्मचारी व्यवस्थापनमा सुधार गरिएको जनाइएको छ । प्रहरी उपरिक्षक श्रेष्ठले जेठ महिनामा जिल्लाको प्रशासनिक तथा सुरक्षा व्यवस्थापन सुदृढ बन्दै गएको दावी गर्नुभयो । उहाँले नागरिकसंगको समन्वयमा कामहरु प्रभावकारी ढंगले गरिएको बताउनुभयो ।


**अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवल**
**सम्पर्क कार्यालय नेपालगञ्जको अनुरोध !**

बाँके, बर्दिया, दाङ र रोल्पा जिल्लाका कुनै पनि सार्वजनिक पदमा बहाल रहेका व्यक्तिले भ्रष्टाचारजन्य कार्यहरु गरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार इमेल, फोन वा फ्याक्स गरी भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा सहयोग पुऱ्याउनुहुन अनुरोध छ ।

इमेल: ciaanepalgunj@gmail.com
फ्याक्स : ०८१-५५०४२६
फेसबुक : www.facebook.com/ciaa.nepalgunj.3
सम्पर्क नम्बर :
०८१-५५०६२७, ९८५८०४३८८८, ९८५८०४५७८८, ९८५८०५३४८८

*आयोगको हटलाईन नम्बर १०७ (पैसा लाग्दैन)*

भ्रष्टाचार विरुद्धको सहकार्य : सुशासनका लागि अपरिहार्य

**गोमा फर्निचर उधोग एण्ड गोमा ग्रिल उधोग खुल्यो !**

हामीकहाँ फर्निचर समानहरू अडर अनुसार बनाइनुको साथै ग्रिल सम्बन्धित सम्पूर्ण काम गरिन्छ र टायर पनि मर्मत गरिन्छ । एक पटक सेवा गर्ने मौका दिनुहोस् ।
*नोटः- होम डेलिभरिको व्यवस्था पनि उपलब्ध छ।*
प्रो. मुम बहादुर घर्तीमगर
सञ्चालकः सूर्य घर्ती मगर/भुपाल घर्ती मगर
सम्पर्क मो.: ९८४२७९०४२६,९७४६२३१३४०
लमही -३, मजगाउँ, देउखुरी, दाङ।

**दाङको सान रून्टी ब्राण्ड सामान !**

हामीकहाँ गुणस्तरीय हापुर ट्वाइलेट क्लिनर, कालो फिनायल, सेतो, फिनायल, भाँडा माझ्ने सावुन, हात धुने सावुन, लुगा धुने सावुन, नुहाउने सावुन, डिटजेन्ट पाउडर, ग्लास क्लिनर, टायल तथा मार्वल क्लिनर र गाडी धुलाइका लागि आवश्यक पर्ने सम्पूर्ण सामग्री उत्पादन गरिन्छ ।
**उत्पादकः प्रभु लघु उद्योग घोराही-१५ दाङ**
फोन नं. ९८५७८३०५०४

**मधुमेह (डायबिटिज) रोगबाट बचौं**

मधुमेहले,
★ शरीरमा चिनीको मात्रा बढी हुँदा मधुमेह हुन सक्छ,
★ विभिन्न अंगमा क्षति पुयाउन सक्छ,
★ मुटु र मिर्गौलामा क्षति पुऱ्याउन सक्छ,
★ अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउन सक्छ ।

मधुमेहबाट बच्न,
■ शरीरको तौल सन्तुलित राखौं,
■ चिल्लो तथा चिनीजन्य पदार्थको सेवन कम गरौं,
■ जङ्कफूड तथा तारेका, भुटेका र प्रशोधित खानाहरू नखाऔं,
■ धुम्रपान, मद्यपान नगरौं, नियमित ब्यायाम गरौं,
■ रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं,

*नियमित स्वास्थ्य परीक्षण गरौं, मधुमेहबाट बचौं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड


**गिट्टी बालुवा चाहिएमा ?**

SAGARMATHA CRUSHER UDYOG



अत्याधुनिक H.S.I. क्रशर मेसिनबाट उत्पादीत गुणस्तरीय विभिन्न साईजका क्रसिङ्ग गिट्टीहरूका साथै हाईड्रोसाईक्लोन प्रविधिबाट धोएको जोडाई बालुवा र प्लास्टर बालुवाका साथै सम्पूर्ण साईजका नेचुरल गिट्टीहरू सुपथ मूल्यमा उपलब्ध गराइन्छ ।

**सगरमाथा क्रशर उद्योग**
गढवा ३, देउखुरी
(सिसहनिया-महदेवा राप्ती नदीको नयाँ पुलदेखि दक्षिण-पश्चिमतर्फ)
अर्डरको लागि सम्पर्क
९८०१३३७३३७, ९८०१३३९५८४, ९८०१३३७९९८
Email: crushersci@gmail.com




**बोरिङ्को पानी चाहिएमा**

हामीकहाँ २८० फिट गहिराइबाट निकालिएको पानी होम डेलीभरीका साथ उपलब्ध गराइन्छ ।
**खरेल वाटर सप्लायर्स**
घोराही, ०८२-५६२०४५, कार्यालय ९८५७८३२६४५

**लैगिक हिंसाको अन्त्य गरौ। सभ्य समाजको निर्माण गरौ।**

**आइपुग्यो ! आइपुग्यो !**

गर्मीयाममा २४ घण्टासम्म चिसो र जाडो याममा तातो हुने चिल्ड जार बजारमा आइपुग्यो ।



**स्वर्गद्वारी ड्रिङ्किङ वाटर**
प्रो. धर्मेन्द्र के.सी. सम्पर्क : ०८२-५६३०२१, मो. ९८४७८६२३७५

**गोल्डका नयाँ इट्टा बजारमा**

'हाम्रो प्रतिवद्धता गुणस्तरीय इट्टा"

गोल्ड ब्रिक ब्राण्डका इट्टा प्रयोग गर्नुहोस र जीवनभरका लागि ढुक्क हुनुहोस् ।

विगत २५ वर्ष देखि यहाँहरूको मन जित्दै आएको उच्च गुणस्तरको गोल्ड ब्राण्डका नयाँ इट्टाहरू उत्पादन भइसकेकाले आजै सम्पर्क राखी मौकाको फाइदा उठाउन अनुरोध छ ।

अग्रीम बुकिङ गर्नेलाई विशेष छुट दिइनेछ ।



प्रो. रोम वलीः- ९८५७८३०२३२
**गोल्ड ब्रिक इन्डष्ट्री**
उद्योगः घोराही उपमहानगरपालिका- १२, सम्पर्कः ९८४७८६३४६२
डिपोः घोराही उपमहानगरपालिका-१५, स्वर्गद्वारी हल रोड, सम्पर्कः ९०८२-५६०६२९



**हामीलाई सम्झनुहोस् !**

तपाई बलियो भौतिक संरचना निर्माणको तयारीमा हुनुहुन्छ भने हामीलाई सम्झनुहोस् । हामीकहाँ अत्याधुनिक मेसिनबाट धोएको सफा बालुवा, विभिन्न साइजका गिट्टीहरू उपलब्ध छ । हामी तपाईको निर्माणस्थलसम्म सेवा दिन तयार छौं ।
**समृद्धि माइनिङ एण्ड कन्सट्रक्सन प्रा.लि.**
मुख्य कार्यालय घोराही, दाङ
सम्पर्क नं. : ०८२-५६३८९३, ९०१३४८६३०, ९०१३४८६३१, ९८०१३४८६३३

**नेवा सप्लायर्स** (प्रो. सन्तोष श्रेष्ठ)



घोराही-१५ तुलसीपुर चोक दाङ सम्पर्क : ९८५७८४०७६२, ९८१०९३९१००, ९८०१३५४६३१

हामी कहाँ LG, CG का TV, Refrigerator, Deep-freezer, washing machine, fan लगायत piago Brand र Black and Decker American Brand का किचनको सम्पूर्ण सामानहरु सुपथ मुल्यमा पाइन्छ र राप्ती मनकामना ग्याँस र ग्याँसका सम्पूर्ण Brand सामानहरु पनि पाइने जानकारी गराउँछौं ।

**गणेश ग्याँस सप्लायर्स**
घोराही-१४ गणेश मन्दिरचोक दाङ सम्पर्क नं. ९८२२८५५००५